# सङ्घीय समाजवादी फोरम, नेपालको घोषणापत्र
## प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७४

**आदरणीय दिदीबहिनी तथा दाजुभाईहरू,**

सात दशक लामो कठिन सङ्घर्षपश्चात नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गरेको छ । आगामी २०७४ मङ्सिर १० र २१ गते यस युगको पहिलो सङ्घीय तथा प्रादेशिक निर्वाचन एक साथ हुँदै छ । यस यात्रामा यहाँसम्म आइपुग्न देशका थुप्रै होनहार सन्ततिले सर्वत्र गौरवपूर्ण सहादत प्राप्त गरेका छन् । यस अवसरमा सबैभन्दा पहिला देशमा पटक पटक भएको जनआन्दोलन, जनक्रान्ति, मधेस जनविद्रोह, आदिवासी जनजाति, खस, शिल्पी र सीमान्तकृत समुदायका आन्दोलनहरूमा आफ्नो अमुल्य जीवन आहुति दिनुहुने सम्पूर्ण सहीदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछौं । यस आन्दोलनको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रजहरूप्रति सम्मान व्यक्त गर्दछौं । तिनीहरूको त्याग र बलिदानीपूर्ण सङ्घर्षको अनुकरण र अनुसरण गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

देशको जीवनमा नयाँ संविधान जारी भएपश्चात हुन गइरहेको यस निर्वाचनको अत्यन्तै महत्वपूर्ण स्थान रहेको छ । हामीले कुन पार्टी र कस्तो उम्मेदवारलाई रोज्ने यो अहम महत्वको सवाल हो । आजसम्म नेपालमा शासन चलाएका राजनीतिक शक्तिहरूले रत्नगर्भ कहलिएको यस मुलुकलाई विकासको बाटोमा डोहऱ्याउन सकेनन् । सदियौं अगाडी नै बनेका र हाल विश्व सम्पदाको मान्यता पाएको पशुपति, स्वयम्भु, जनकपुर, लुम्विनी, ५५ झ्याल र न्यातपौसहितका लायकु जस्ता विश्व स्तरका सम्पदाहरू आफ्नै स्रोत साधन र कलात्मक शैलीमा बनाउन सफल नेपाल आज भिखमङ्गाको देशमा रूपान्तरित हुन पुगेको छ । यसको दोषी को ? प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रको रूपमा व्यवस्था परिवर्तन भए पनि यहाँका शासक वर्गको मानसिकता परिवर्तन हुन सकेन । यहाँका पुराना पार्टीहरू र राज्यसत्तामा विद्यमान उच्च वर्ग र जातिको अधिपत्यले यहाँका श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरू प्रताडित हुन पुगका छन् । तिनीहरूको प्रतिभा देशभित्र प्रस्फुटित हुने स्थिति बन्न सकेन । आज नेपालीहरूको श्रम र शीप विदेशमा पलायन भएको अवस्था छ । राष्ट्रिय पुँजीको विकास हुनसकेको अवस्था छैन । समकालिन विश्वमा सन् १९५० को दशकमा राष्ट्रिय मुक्ति तथा लोकतान्त्रिक आन्दोलनमा सँगसँगै हिंडेका हाम्रा छिमेकी मुलुकहरू विश्वका महाशक्तिको दौडमा पुग्दा हामी भरखर पाइताला टेक्ने स्थितिमा छौं । त्यसैले अब कस्तो पार्टी र उम्मेदवारहरूलाई रोज्ने हामी सबैले गम्भीरतापूर्वक सोचेर भोट हाल्ने दिन आएको छ । हामीलाई विश्वास छ देशलाई यस दुर्गतिमा पुऱ्याउने राजनीतिक पार्टी तथा शक्तिहरूको पक्षमा तपाँइको मत हुने छैन र हुनु हुँदैन । हामीले यस्तो पार्टीलाई रोजौं, जसले देशलाई एकाइसौं शताब्दीको समृद्ध समाजवादी मूलकमा रूपान्तरित गर्न सकोस, सङ्घीयताको माध्यमबाट देशमा विद्यमान सबैखाले विभेद अन्त्य गरी सामाजिक सद्भाव र सहअस्तित्वलाई कायम गर्न सकोस र राष्ट्रिय स्वाधिनतालाई बचाई राख्न सकोस । यदि तपाँई यो पक्षमा हुनुहुन्छ भने आउनु होस, तपाँइको साथमा सङ्घीय समाजवादी फोरम नेपाल छ । हामी यो मुलुकलाई पहिचानसहितको सङ्घीयता,

समतामूलक समृद्धि र सुशासनको दिशामा अगाडी बढाउन कटिवद्ध छौँ ।

## १. संविधान संशोधन आजको आवश्यकता

नेपालको संविधान नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को उच्च योजनामा देशलाई वन्दीगृह बनाएर संविधानसभा परिसरमा निषेधाज्ञा जारी गरेर २०७२ असोज ३ गते घोषणा गरे । त्यसको विरुद्ध नेपालका उत्पीडित समुदायहरू आन्दोलित बने । सिँगो देश दुई कित्तामा विभाजन भयो । यस संविधानमा प्रमुख दलहरूले पहिचान र सामर्थ्यताका आधारमा राज्य पुनर्संरचना गर्ने आफैले घोषणा गरेका तथा पहिलो संविधानसभाले पारित गरेका पुनर्संरचनाका आधारहरूलाई उल्ट्याएका छन् । तिनीहरूले संविधानसभाको निर्वाचनमा जनताका बिच मत माग्दा पहिचान र सामर्थ्यताको आधारमा राज्यको पुनर्संरचना गर्ने प्रतिवद्धतासहित घोषणापत्र जारी गरेका थिए । तर आफ्नो बहुमत भएपछि तीनवटै प्रमुख दलहरू मिलेर आफ्नो घोषणापत्रको विपरीत गएर संविधान जारी गरे । यो ती राजनीतिक दलहरूको अनैतिकताको पराकाष्ठा हो । जनतामाथिको ठूलो विश्वासघात र धोका हो ।

जनताको लाशमाथि टेकेर जारी भएको यस संविधानले परम्परागत उदार लोकतन्त्रको मान्यतालाई आत्मसात गरेको छ । यस दृष्टिले हेर्दा नेपालको संविधानमा वाक, प्रेस, सभा, सङ्गठन स्वतन्त्रता र मानव अधिकारका औपचारिक मान्यताहरू समेटिएका छन् । देशको सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा निहित गरेको छ । संविधानको सर्वोच्चता, बहुलतायुक्त खुल्ला समाज, वालिग मताधिकार, आवधिक निर्वाचन, प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था, विधिको शासन, कानुनी राज्य, मौलिक एवम् मानव अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता जस्ता परम्परागत लोकतन्त्रका मूल्य र मान्यताहरू यसले आत्मसात गरेका छन् । तर यस संविधानलाई सङ्घवादको मान्यता, समानुपातिक सहभागिता र समावशी लोकतन्त्रको कसीमा घोटेर हेर्दा धेरै कमजोरीहरू रहेका छन् । यो संविधानको नाम र प्रस्तावना समेत परिवर्तन गर्नुपर्ने भएकाले हामीले आन्दोलनका दौरान यसलाई पुनर्लेखन गर्नुपर्ने माग गर्‍यौं । **खासगरी राजतन्त्रको अन्त्यका सन्दर्भमा गणतन्त्र र एकात्मक व्यवस्था अन्त्यका सन्दर्भमा सङ्घीयताको आफ्नो महत्त्व छ । तर आफूलाई लोकतान्त्रिक समाजवादी र साम्यवादी भन्ने यी दलहरूले संविधानको नामकरण गर्दा सङ्घीयता र गणतन्त्र दुई शव्द समेत त्यसमा राख्न चाहेनन् भने प्रस्तावनामा सङ्घीयताको जननीको रूपमा रहेको मधेस जनविद्रोह, माओवादीको जनयुद्ध तथा आदिवासी जनजाति लगायतका आन्दोलनहरूको उल्लेख समेत हुन सकेन ।**

संविधानमा राष्ट्रको परिभाषा पनि एकात्मक व्यवस्थाकै मान्यताअनुरूप गरी बहुराष्ट्रिय राज्यको अवधारणालाई अस्विकार गरिएको, पहिचानसहितको सङ्घीयताको वदलामा प्रशासनिक सङ्घीयतालाई अपनाएको, शिल्पी समुदायलाई पहिचानसहितको विशेष प्रदेश र क्षतिपूर्तिको व्यवस्था नगरेको, स्वायत क्षेत्र र संरक्षित क्षेत्रसहितको विशेष संरचनालाई राज्यको विशेष तहको मान्यता नदिएको, सिनेट सिद्धान्तअनुरूप राष्ट्रियसभालाई स्वायत्त प्रदेशहरूको सङ्घको रूपमा स्थापित नगरेको, स्थानीय तहलाई प्रदेशको समानान्तर तह बनाउन खोजेको, सङ्घीय राज्यको मान्यताविपरीत अवशिष्ट अधिकार केन्द्रमा राखेको

र नयाँ राज्यको सृजना र सीमा हेरफेर गर्नु पर्दा संविधानको धारा २७४ ले संविधान संशोधन प्रायः असम्भव बनाएको छ । यो सङ्घवादको सिद्धान्तको दुरुपयोग हो । त्यसरी नै यो संविधानले पहिल्यै प्रयोगमा आइसकेको समानुपातिक समावेसीकरणको अभ्यासलाई १७ वटा समूह बनाई विकृत तुल्याइएको, समानुपातिक निर्वाचनप्रणालीबाट प्रतिनिधित्व हुने प्रतिशत ६० बाट ४० मा झारेको, जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण नगरिएको, बहुभाषिक मुलुकमा नेपालमा बोलिने सबै मातृभाषाहरू नेपाली हुनु पर्नेमा पर्वतीय-गोर्खा भाषालाई भात्र नेपाली भन्दै त्यसको एकाधिकारलाई निरन्तरता दिएको, मातृभाषामा शिक्षा दिनका लागि राज्य पन्छिएको, नागरिकतामा लैङ्गिक विभेद कायम राखिएको, गोर्खा भू.पु. सेना लगायत राज्यद्वारा गरिएको सम्झौताका आधारमा विदेशमा कार्यरत नेपालीहरूको सन्तानलाई नगरिकताको हक खोसेको, धर्मनिरपेक्षताको अपब्याख्या गरेको तथा न्यायपालिकालाई पूर्ण रूपले एकात्मक बनाएको छ । त्यसैले नयाँ संविधान यथास्थिति र प्रतिगमनको दस्तावेज बनेको छ । यो नेपालको अन्तरिम संविधान- २०६३ भन्दा पछाडी फर्केको छ । तर पनि तिनीहरूले विश्वकै उत्कृष्ट संविधान भन्न छोडेका छैनन् । **जुन संविधान जारी गरेको १३ औं दिनमा नै जारीकर्ताहरू आफैले त्रुटिबोध गरी संविधान संशोधन प्रस्ताव दर्ता गर्न वाध्य भए, तिनीहरूले उत्कृष्टताको जामा पहिऱ्याउनु अशोभनीय कुरा हो** भन्ने कुरा अव सबैका सामु उजागर भइसकेको छ । त्यसैले संविधान पुनर्लेखन/संशोधन अहिलेको सङ्घर्षको मुख्य विषय बन्न पुगेको छ ।

## २. शान्तिपूर्ण जनअवज्ञा आन्दोलन र यसका उपलब्धिहरू

नेपालको संविधान जारी भएपछि देशव्यापी रूपमा हाम्रो पार्टीको नेतृत्वमा संयुक्त राष्ट्रिय आन्दोलन सुरु भयो । तराइ/मधेसमा यसले तेस्रो मधेस जनविद्रोहको रूप लियो । देशकै इतिहासमा पहिलो पटक सङ्घर्षको मुख्य शक्ति विभेदमा पारीएका समुदाय र गाउँका गरिवहरू हुन पुगे । यस आन्दोलनमा महिला, आदिवासी जनजाति, खस, आर्य, शिल्पी, थारु, मुस्लिम, पिछडा वर्ग आदि सबैको साथ रह्यो । फलस्वरूप यो आन्दोलन इतिहासमै किर्तिमान राख्दै अगाडी बढ्यो । मधेस-थरुहटमा भएको आम हड्ताल र ११५५ किलो मिटर मेची-काली मानव साङ्लो कार्यक्रम यसका उदाहरणहरू हुन । मधेस-थरुहटमा भएको यो कार्यक्रम विश्वकै रेकर्ड बनेको छ । एकै दिन लाखौं आन्दोलनकारीहरू घर घरबाट निस्के । जनताको अवज्ञा तथा असहयोगको कारण सरकारमाथि सङ्कट पैदा हुँदै गयो । आन्दोलनकारीहरूमाथि सरकारी दमन र नरसंहार पनि उत्कर्षमा पुग्यो । यस आन्दोलनमा सरकारले करिव ५ दर्जन आन्दोलनकारीहरूको निर्ममतापूर्वक हत्या गरे । करिव ६ महिनासम्मको आम हडतालपछि आन्दोलनलाई राजधानी केन्द्रित गरियो । सरकारले पनि आन्दोलनकारीहरूसँग वार्ता गर्न वार्ता समिति बनाएर अगाडी बढ्ने निर्णय गऱ्यो । यस आन्दोलनले एकातिर जनताको चेतना अभिवृद्धि गऱ्यो भने अर्कोतर्फ उत्कृष्ट भनिएको संविधान कार्यान्वयनमा जानु अगाडी नै २०७२ माघ ९ गते समानुपातिक समावेशीकरण तथा जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारणको २ बुंदामा संशोधन गर्न बाध्य पाऱ्यो । यो संशोधनले हामीले गरेको माग पुरा नभए पनि जनताको आन्दोलनको अगाडी सत्तारुढ पार्टीहरूलाई झुक्न भने वाध्य पारेको छ । उपरोक्त संशोधनपछि पनि

आन्दोलन नरोकिएपछि के.पि. ओली नेतृत्वको सरकार गिऱ्यो र काङ्ग्रेस-माओवादी केन्द्र सत्तारुढ हुने क्रमसँगै संविधानको दोस्रो संशोधनको पहल भयो । फलस्वरूप नेपाली काङ्ग्रेस, माओवादी केन्द्र र सङ्घीय गठबन्धनबिच २०७३ श्रावण १९ गते तीन बुँदे सहमति भयो र हामीले आन्दोलन स्थगित गऱ्यौँ ।

सरकारले दोस्रो संशोधनको प्रस्ताव पनि एकपक्षीय रूपमा ल्याए । हाम्रो विरोधपश्चात सरकार परिमार्जन गर्न बाध्य भयो । यस परिमार्जित प्रस्तावमा भविष्यमा देशको सङ्घीय संरचना, प्रदेशहरूको सङ्ख्या, सीमा र अधिकार क्षेत्र आदि विषयमा आवश्यकताअनुसार पुनरावलोकन र हेरफेरका लागि संवैधानिक रूपमा बाटो खुल्ला गर्ने हिसावले सत्तारुढ दलहरूले संविधानको धारा २७४ लाई संशोधन गर्ने, राज्य पुनर्संरचनाका सन्दर्भमा सुझाव दिनका लागि संविधानको धारा २८७ मा एक स्थायी सङ्घीय आयोग गठनको व्यवस्था गर्ने र त्यसको सिफारिसमा प्रभावित प्रदेशसँग परामर्श गरी सङ्घीय संसदले नै प्रदेशहरूको सङ्ख्या र सीमा हेरफेर गर्न सक्ने गरी धारा २७४ लाई संशोधन गर्ने प्रस्ताव दर्ता भएको थियो । यसले तत्काल केही प्राप्त नभए पनि नयाँ प्रदेश सृजना गर्न तथा प्रदेशहरूको सीमा एक आपसमा हेरफेर गरी मिलाउन संवैधानिक निकास दिने थियो । भाषाको सन्दर्भमा संविधानमा नेपाली भनिएको पर्वतीय-गोर्खा भाषालाई दिइएको एकाधिकार र विशेषाधिकार अन्त्य हुनुपर्ने हाम्रो मागलाई सम्बोधन गर्न सरकारले संविधानको धारा ७ को उपधारा १ मा उपधारा ३ थपी भाषा आयोगको सिफारिसमा नेपाल सरकारले सरकारी कामकाजको भाषा भनी निर्णय गरेका भाषाहरूलाई संविधानको अनुसूचीमा समाबेश गर्ने परिमार्जित प्रस्ताव ल्याएको थियो । यो व्यवस्थाले सरकारी कामकाजको सबै भाषा अनुसूचीमा रहन्छन् । त्यसरी नै वैवाहिक नागरिकताको सन्दर्भमा अन्तरिम संविधानकै व्यवस्थालाई पुनर्स्थापित गर्ने गरी संविधानको धारा ११ (७) मा संशोधन प्रस्ताव राखेको थियो ।

संविधानको दोस्रो संशोधन प्रस्तावमा ल्याइएको अर्को विषय राष्ट्रियसभाको बनौटको सन्दर्भमा थियो । वर्तमान संविधानले राष्ट्रियसभालाई प्रदेशहरूको सङ्घको रूपमा लानुको सट्टा प्रदेशहरूलाई बाइपास गर्ने ढङ्गले प्रदेशका एकाइहरूलाई समेत निर्वाचक मण्डलमा राख्ने काम गरे । त्यसका लागि **अहिलेको संविधानको धारा ३०६ (ट) मा गाउँपालिका र नगरपालिकालाई समेत सङ्घीय एकाइको रूपमा व्याख्या गरी संसारमा कहिँ नभएको जात्रा प्रदर्शन गरेका छन् । संवैधानिक कानुनका सामान्य विद्यार्थीहरूलाई पनि थाहा हुने कुरा हो सङ्घीय व्यवस्थामा प्रदेशहरू सङ्घीय एकाइ हुन् भने स्थानीय तह भनेको प्रदेशको एकाइ हो ।** यसरी गाउँपालिका तथा नगरपालिकाहरूलाई पनि सङ्घीय एकाइ भनेर ब्याख्या गर्नुको कारण प्रदेशलाई कमजोर र पङ्गु बनाउने यथास्थितिवादीहरूको कुनियत हो । सरकारद्वारा प्रस्तावित दोस्रो संशोधन प्रस्तावमा राष्ट्रियसभाको निर्वाचक मण्डलमा प्रदेशसभाका सदस्यहरूलाई कायम गरिएको थियो । प्रत्येक प्रदेशबाट कम्तिमा एक जना महिला, एक जना शिल्पी (दलित), एक जना अल्पसङ्ख्यक तथा सीमान्तीकृत आदिवासी जनजाति वा अपाङ्गता भएका व्यक्तिसहित ३/३ जना समान सङ्ख्यामा २१ जना तथा बाँकी ३५ जना जातीय/सामुदायिक विविधता झल्कने गरी सम्बन्धित प्रदेशको जनसङ्ख्याको अनुपातमा निर्वाचित हुने व्यवस्थाका साथै ३५ जना सदस्य निर्वाचन गर्दा अनिवार्य रूपमा

१२ जना महिला हुनुपर्ने व्यवस्था प्रस्तावित गरेको थियो । यो व्यवस्थाले राष्ट्रियसभालाई नेपालको मौलिक विशेषतामा आधारित जातीय विविधता झल्किने प्रदेशहरूको सभामा रूपान्तरित गर्दथ्यो । यस बमोजिम संशोधन प्रस्ताव परिमार्जनसहित पारित भएको भए भविष्यमा हालको द्वन्द्वको शान्तिपूर्ण निकासको ढोका खुल्ने थियो । तर एमालेको विरोधका कारण त्यसको पक्षमा खसेको मतको ६३ प्रतिशत वहुमत भए पनि दुई तिहाई नपुगेकाले त्यो प्रस्ताव अस्विकृत भयो । यो एमालेको पश्चगामी दृष्टिकोण हो । यसरी संविधान संशोधनको यो समग्र प्रक्रियामा नेपाली काङ्ग्रेस र नेकपा (माओवादी केन्द्र)को सकारात्मक दृष्टिकोण रहे पनि नेकपा (एमाले)को सङ्कीर्ण र एकल जातीय सर्वसत्तावादी दृष्टिकोणका कारण सामान्य बन्दै गएको परिस्थिति विथोलिएको छ । त्यसैले हाम्रासामु संवैधानिक रूपमा यो संविधान संशोधन नभए पुनर्लेखनका लागि आन्दोलन गर्नुको विकल्प छैन ।

## ३. सङ्घीय समाजवादी फोरम, नेपाल नै किन ?

सङ्घीय समाजवादी फोरम, नेपाल आफ्नो अलग ऐतिहासिक पृष्ठभूमिका साथ पहिचानसहितको सङ्घीयता र समाजवादलाई आफ्नो गन्तव्य बनाई अलग अलग रूपमा कार्यरत मधेसी जनअधिकार फोरम नेपाल, सङ्घीय समाजवादी पार्टी, नेपाल र खस समावेशी राष्ट्रिय पार्टीबिच एकीकरण भई बनेको हो । यो एकीकरणले आदिवासी जनजाति, मधेसी, खस, आर्य, शिल्पी, मुस्लिम, पिछडा वर्ग लगायत सबै उत्पीडित वर्ग, क्षेत्र, लिङ्ग एवम् समुदायहरूले सदियौँदेखि चलाइ आएको मुक्ति आन्दोलनको भरपर्दो केन्द्र निर्माण भएको छ । यसले नेपाली समाजको आधारभूत समस्याको रूपमा रहेको सामन्तवाद सँगसँगै वर्ण व्यवस्थामा आधारित एकल जातीय राज्यको अन्त्य गरी नेपाललाई बहुराष्ट्रियतामा आधारित सङ्घीय राज्यमा रूपान्तरित गर्ने र नयाँ आधारमा राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने नयाँ वैकल्पिक राजनीतिक शक्ति निर्माण भएको छ । यसले देशमा श्रमजीवि वर्ग र उत्पीडित समुदायको प्रतिनिधित्व गर्ने नयाँ ढङ्गको राष्ट्रिय पार्टीको आवश्यकता पुरा गरेको छ । यो पुराना पार्टीहरू जस्तो एकल जातीय नेतृत्व र वर्चस्व भएको होइन, राष्ट्रिय चरित्रको, समानुपातिक समावेशी र लोकतान्त्रिक ढङ्गले चल्ने पार्टी हो । यसको उद्देश्य देशमा विद्यमान बर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय विभेद र उत्पीडनको अन्त्य गरी न्याय, समानता र समृद्ध नेपाली समाजको निर्माण गर्नु हो । सङ्क्षेपमा सङ्घीय समाजवादी फोरम, नेपाल आवश्यकताका कारणहरू यसप्रकार छन् -

- वर्तमान यथास्थितिवादी तथा विभेदकारी संविधान पुनर्लेखन/संशोधन गर्न ।
- जनताको स्वतन्त्रता, समानता र भातृत्वको उच्चतम अभ्यास गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्न ।
- पहिचानसहितको सङ्घीयता, समानुपातिक समावेशीकरण र समतामूलक समृद्धिको जनआकाङ्क्षालाई साकार पार्न ।
- देशमा विद्यमान विकृति, विसङ्गती, भ्रष्टाचार, असुरक्षा र अव्यवस्थाको अन्त्य गरी मानिसको जन्मसिद्ध खाने, लाउने, बस्ने, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता सम्पूर्ण मौलिक हकहरू प्रदान गर्न तथा सामाजिक न्याय, सुशासन र जनमुखी प्रशासन दिन ।

- नेपालमा बहुमतको सरकार र अल्पमतको विपक्षको परम्परागत लोकतन्त्रको मान्यता असफल भइसकेको परिप्रेक्ष्यमा समावेशी लोकतन्त्रको विकास र राजनीतिक स्थायित्व कायम गर्न ।
- सरकारलाई स्थायीत्व दिन सङ्घमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतिका साथै सबै तहमा कार्यकारी प्रमुख प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गर्न ।
- आदिवासी जनजातिहरूको हीत रक्षाका लागि राज्यको विशेष संरचनाका रूपमा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र तथा गैरभौगोलिक विशेष क्षेत्रको व्यवस्था गराउन तथा शिल्पी/दलित समुदायको सम्मानजनक पहिचान स्थापित गराउन ।
- प्रदेशहरूको भौतिक पूर्वाधार विकासका लागि निश्चित मापदण्डको आधारमा देशको कूल बजेटको न्युनतम ५० प्रतिशत विनियोजन गर्न ।
- भुकम्पले प्रभावित गाउँपालिका तथा नगरपालिकाहरूमा भौतिक पुनर्निर्माणमा लगानीका साथै मौलिक स्वरुपमा निर्माण गर्ने घरहरूलाई विशेष अनुदान र एकीकृत वस्ती विकासमा प्रोत्साहित गर्न ।
- प्राथमिक क्षेत्र देखि उच्च शिक्षासम्म मातृभाषा शिक्षामा जोड दिनुका साथै सरकारी कामकाजमा नेपाली भाषा (पर्वतीय-गोर्खा)को साथसाथै मैथली, भोजपुरी, थारु, मगर, तामाङ, नेपालभाषा, राई, गुरूङ, अवधी, लिम्बू, शेर्पा, डोटेल, सिँजाली भाषाहरूलाई पनि प्रयोग गर्ने व्यवस्था गर्न ।
- सांस्कृतिक वहुलता र जनताको धार्मिक स्वतन्त्रताको रक्षा गर्दै धर्मनिरपेक्ष राज्यको सृजना गर्न ।
- मुलुकको सामाजिक सद्भाव विथोल्ने जातिवादी र रङ्गभेदी नीतिको साथै वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायत सबैखाले उत्पीडनको अन्त्य गर्न ।
- नेपाली जनताले २०६२/६३ सालको जनक्रान्ति, १० बर्षे जनयुद्ध, मधेस जनविद्रोह, आदिवासी जनजाति, खस, शिल्पी लगायत उत्पीडित राष्ट्रियताहरूको आन्दोलनबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्न ।
- नेपालका आदिवासी जनजाति, मधेसी, खस, आर्य, शिल्पी, पिछडा वर्ग, मुश्लिम लगायत सबै जात-जाति, जनजाति तथा भाषा-भाषीहरूको एकताको प्रवर्द्धन तथा बाह्य हस्तक्षेपको प्रतिरोध गर्दै राष्ट्रिय एकताको रक्षा र संवर्द्धन गर्न ।
- देशमा समाजवाद उन्मुख सामाजिक आर्थिक कार्यक्रमहरू कार्यान्वयन गरी विद्यमान आर्थिक असमानता र वर्गीय विभेद समाप्त गर्न ।
- नेपालमा सामन्ती राज्य विस्तारकै बेलादेखि कायम रहेको एकल जातीय राज्यको ढाँचामा परिर्वतन गरी जातीय साझेदारी, सहअस्तित्व र सामाजिक सद्भावको अभिवृद्धि गर्न ।
- महिला तथा यौनिक अल्पसङ्ख्यकहरूलाई राज्यका सबै अङ्गहरूमा समान अधिकारका साथै जेष्ठ नागरीक, एकल महिला तथा फरक क्षमता भएका व्यक्तिहरूलाई संरक्षणको विशेष व्यवस्था गर्न ।
- युवाहरूका लागि खेलकुद मैदान तथा कभर्ड हलहरू निर्माण तथा बालबालिकाहरूका लागि मनोरञ्जन गृह तथा पार्क सञ्चालन गर्न ।

- २०६२/६३ सालको शान्तिपूर्ण जनक्रान्तिको भावनाअनुरूप सामाजिक आर्थिक रूपान्तरण गर्दै मुलुकलाई एक्काइसौँ शताब्दीको समृद्ध समाजवादी मुलुक बनाउन ।

## ४. सङ्घीय समाजवाद र राज्यको पुनर्संरचना

सङ्घीय समाजवाद नेपाली समाज परिवर्तनको मौलिक सिद्धान्त हो । नेपालमा नेपाली काङ्ग्रेस र कम्युनिष्ट पार्टीहरूले समाजवाद निर्माणलाई आफ्नो गन्तव्यको रूपमा राखे पनि आफू सत्तारुढ हुँदा कहिले पनि समाजवादी कार्यदिशा अबलम्बन गरेनन् । उनीहरूले युरोपका राष्ट्र-राज्यमा विकास भएको समाजवादको मोडेललाई नै आम रूपमा पक्षपोषण गर्ने काम गरे, जसको कारणले नेपालको बहुराष्ट्रिय चरित्रअनुरूपको राज्यको ढाँचा बनाउन उनीहरूको ध्यान गएन । त्यसैले यी दुबै धारले नेपालमा एकात्मक, केन्द्रिकृत, असमावेशी र असमानुपातिक नीति लिए । यी पार्टीहरू राष्ट्रिय भनिए पनि काममा एकल जातीय पार्टी भए । २०६२/६३ सालको शान्तिपूर्ण जनक्रान्तिपश्चात् यी पार्टीहरूले जनदवावका कारण सङ्घीय शासनलाई अङ्गीकार गर्न बाध्य भए । तर यी पार्टीहरूले मार्गदर्शक मानेका **लोकतान्त्रिक समाजवाद र जनताको वहुदलीय जनवाद दुबै मौलिक रूपमा एकात्मक शासनप्रणालीमा आधारित छन् । त्यसैले ती पार्टीहरूको गन्तव्य बहुराष्ट्रिय सङ्घीय राज्य हुन सकेन ।** यी दलहरूले त्यसलाई सही अर्थमा ग्रहण गर्ने भन्दा त्यसको आधारभूत सिद्धान्तको अपव्याख्या र विकृत रूपमा प्रस्तुत गर्ने गरेका छन् । त्यसैले हामीले समाजवादी आन्दोलनको नयाँ धारको रूपमा नेपालमा नेपालकै विशिष्ट स्थितिमा आधारित सङ्घीय समाजवादी धार सृजना गरेका छौँ ।

सङ्घीय समाजवादले सङ्घीय व्यवस्थालाई राज्यको संरचनाको रूपमा मात्र नभई संवैधानिक रूपमा देशको सार्वभौमसत्ता, राजकीय शक्ति र शासनाधिकार केन्द्र र प्रदेशमा बाँडफाँट भएको व्यवस्थाको रूपमा लिएको छ । यस मान्यताअनुसार सङ्घीयतामा त्यसका एकाइहरूले केन्द्रबाट निक्षेपित वा विकेन्द्रित अधिकार नभई संविधानद्वारा निसृत अधिकार प्रयोग गर्दछ । यसको आधारभूत पक्ष भनेको देशको राजकीय शक्ति र शासनाधिकार एकात्मक राज्यमा जस्तो एउटै केन्द्रमा रहने नभई संवैधानिक रूपले नै केन्द्र र प्रदेशहरूमा बाँडफाँट हुनु हो । त्यसैले यसलाई अकेन्द्रीकरण मान्यता भन्ने गरिन्छ । नेपालमा अहिले सङ्घवादको यो मान्यतालाई खण्डीत गरी सार्वभौमसत्ता केन्द्रमा मात्रै निहित गरेको छ । प्रदेशहरूलाई अत्यन्तै कमजोर बनाइएको छ । सामर्थ्यताको नाममा भूगोल मात्र बाँडफाँट गरी प्राय सबै स्रोत साधन केन्द्रको अधिनमा राखेको छ । राष्ट्रिय पहिचानलाई बेवास्ता गरी प्रशासनिक सङ्घीयता आत्मसात गरेको छ । यसले मुलुकको समस्या समाधान गर्दैन तर बोझ भने थप्दछ । त्यसैले **हाम्रो पार्टी प्रशासनिक सङ्घीयताको विकल्पमा पहिचानसहितको सङ्घीयताको ढाँचामा पुनः राज्यको पुनर्संरचना गर्ने सङ्कल्प प्रस्तुत गर्दछ ।**

सङ्घीय समाजवादी व्यवस्थामा सङ्घीय राज्यको निर्माण प्रतिस्पर्धात्मक सङ्घीयताको मान्यताअनुरूप नभई सहकारी सङ्घीयताको मान्यताअनुरूप गरिने छ । यस व्यवस्थामा **केन्द्रमा साझा राज्य र प्रदेशहरूमा स्वायत्त राज्य** हुने छ । दुबै तहमा विधायिकी, कार्यकारी र न्यायिक अधिकार निहित हुने छ । यस्तो सङ्घीयतामा केन्द्रले आर्थिक समानीकरणको

नीतिअनुरूप वित्तिय सन्तुलन कायम गर्ने भएकाले पहिचानमा आधारित प्रत्येक समुदायले समान रूपमा स्वायत्तता र स्वशासन उपभोग गर्न सक्दछन् । त्यसैले सहकारी सङ्घीयतामा सङ्घीय एकाइ निर्माण गर्दा पहिचानलाई प्राथमिक आधार र सामर्थ्यतालाई द्वितीय आधारको रूपमा लिएको हो । यसका निम्ति संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँट समिति र उच्चस्तरीय सुझाव आयोगको प्रस्तावलाई परिमार्जनसहित कार्यान्वयन गरिने छ । उत्पीडित राष्ट्रियताहरूलाई ऐतिहासिक पृष्ठभूमि तथा वर्तमान जनसाङ्ख्यिक तथा भौगोलिक निरन्तरताको आधारमा पहिचानयुक्त प्रदेशहरू निर्माण गरिने छ । प्रदेशहरूको सीमाङ्कन गर्दा जातीय/समुदायगत सघनता र वाहुल्यता, जनसाङ्ख्यिक निरन्तरता, भाषिक एकरूपता, ऐतिहासिकता र भौगोलिक निरन्तरतालाई आधारको रूपमा लिइने छ । यसअनुसार सङ्घीय गणतन्त्र नेपाल अखण्ड, अविभाज्य र सार्वभौमसत्ता सम्पन्न बहुराष्ट्रिय राज्य हुने छ । प्रदेशहरू सङ्घको एकाइ तथा स्थानीय तह प्रदेशको एकाइको रूपमा रहने व्यवस्था गरिने छ । उपरोक्त नीति अन्तर्गत वर्तमान ७ प्रदेशको सङ्घीय संरचनालाई खारेज गरी पहिचानको आधारमा निम्न प्रदेशहरू तथा विशेष संरचनाहरू निर्माण गरिने छ ।

**प्रदेशः**

१. लिम्बुवान २. किरात ३. मधेस ४. ताम्सालिङ ५. शेर्पा ६. नेवाः ७. तमुवान ८. मगरात ९. खसान १०. थरुहट ११. गैर भोगोलिक शिल्पी विशेष प्रदेश ।

**विशेष संरचनाः**

विशेष संरचनाहरू राज्यको विशेष तह हुने छन् । वर्तमान संविधानमा विशेष संरचनाको कुनै स्पष्ट परिभाषा नगरी धारा ५६ (५)मा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र हुने भनेर उल्लेख गरेको छ भने अनुसूची ५ को १७ नम्वरमा सङ्घको अधिकार सूचीभित्र अमूर्त रूपमा विशेष संरचनालाई राखेको छ । नेपालका शासकहरूले देशको राज्यसत्तामा आफ्नो वर्चश्व कायम राख्न त्यसलाई पनि कार्यान्वयन नगरी समाप्त गर्ने खेल खेलिरहेका छन् । त्यसको पहिलो पाइला स्वरूप के. पि. ओली नेतृत्वको सरकारले विशेष संरचनाहरूलाई स्थानीय तहमा सीमित गर्ने षडयन्त्र गरे । त्यसका लागि पूर्व सचिव वालानन्द शर्माको संयोजकत्वमा गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्र (विशेष संरचना)को सङ्ख्या तथा सीमाना निर्धारण आयोग गठन गर्दा आयोगलाई दिएको क्षेत्राधिकार तथा कार्य निर्देश शर्त (टि.ओ.आर.)मा संविधानको धारा ५६(५) र धारा २९५(३) मा भएको व्यवस्थाविपरीत विशेष संरचनाहरूलाई प्रदेश अन्तर्गत नराखी जिल्लाभित्र कुण्ठित गरे । आयोगले त्यसलाई पनि कार्यान्वयन गरेन । त्यसले आफूलाई दिएको ५ वटा काम मध्ये स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण नगरी प्रतिवेदन बुझाए । पुष्पकमल दाहाल नेतृत्वको सरकार त्यहि प्रतिवेदन कार्यान्वयन गरेर ओलीपथका अनुयायी बने । जसरी ७ प्रदेशको खाका कोर्दा पहिचानयुक्त प्रदेशहरू समाप्त गरे त्यसरी नै वालानन्द आयोगले स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र समाप्त गरेको छ । यो सङ्घीयता विरुद्धको षडयन्त्रको पराकाष्ठा हो । हाम्रो पार्टी पहिलो संविधानसभाको आदिवासी जनजातिहरूको सभासदसभा (ककस)को प्रस्ताव तथा राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँट समिति र उच्चस्तरीय सुझाव आयोगको मान्यताअनुरूप निम्नानुसार विधायिकी,

कार्यकारी र न्यायिक अधिकार प्राप्त स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र गैरभौगोलिक विशेष क्षेत्र निर्माण गर्न कटिवद्ध छ। आवश्यकतानुसार यसलाई परिमार्जन गरी कायांन्वयन गरिने छ।

**स्वायत्त क्षेत्र:**

१. वालुङ स्वायत्त क्षेत्र २. तोक्पेगोला स्वायत्त क्षेत्र ३. याक्खा स्वायत्त क्षेत्र ४. लेप्चा स्वायत्त क्षेत्र ५. राजवंसी स्वायत्त क्षेत्र ६. सन्थाल स्वायत्त क्षेत्र ७. किसान स्वायत्त क्षेत्र ८. धिमाल स्वायत्त क्षेत्र ९. उराँव झागड स्वायत्त क्षेत्र १०. ताजपुरीय स्वायत्त क्षेत्र ११. गन्गाई स्वायत्त क्षेत्र १२. बोटे स्वायत्त क्षेत्र १३. दनुवार स्वायत्त क्षेत्र १४. सिङसा स्वायत्त क्षेत्र १५. सुनुवार स्वायत्त क्षेत्र १६. हायु स्वायत्त क्षेत्र १७. जिरेल स्वायत्त क्षेत्र १८. थामी स्वायत्त क्षेत्र १९. ह्योल्मो स्वायत्त क्षेत्र २०. चेपाङ स्वायत्त क्षेत्र २१. लार्के स्वायत्त क्षेत्र २२. सियार स्वायत्त क्षेत्र २३. बराम स्वायत्त क्षेत्र २४. पहरी स्वायत्त क्षेत्र २५. बाह्रगाउले स्वायत्त क्षेत्र २६. ल्होपा स्वायत्त क्षेत्र २७. थकाली स्वायत्त क्षेत्र २८. छन्त्याल स्वायत्त क्षेत्र २९. डोल्पो स्वायत्त क्षेत्र ३०. ब्यासी स्वायत्त क्षेत्र ३१. भोटे स्वायत्त क्षेत्र ३२. राजी स्वायत्त क्षेत्र।

**संरक्षित क्षेत्र:**

१. सुरेल संरक्षित क्षेत्र २. थुदाम संरक्षित क्षेत्र ३. मेचे संरक्षित क्षेत्र ४. राउटे संरक्षित क्षेत्र ५. कुछ्वाडिया संरक्षित क्षेत्र ६. दराइ संरक्षित क्षेत्र ७. मार्फाली थकाली संरक्षित क्षेत्र ८. दुरा संरक्षित क्षेत्र ९. मुगाली संरक्षित क्षेत्र १०. ताङ्वे संरक्षित क्षेत्र ११. तिनगाउँले संरक्षित क्षेत्र १२. कुसुन्डा संरक्षित क्षेत्र १३. वनकरिया संरक्षित क्षेत्र।

**विशेष क्षेत्र:**

१ कुमाल २ माझी ३ भुजेल ४ धानुक।

उपरोक्त बमोजिमको स्वायत्त प्रदेश/विशेष प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्र भएको सङ्घीय शासनसहितको नेपाली विशेषतायुक्त समाजवाद नै सङ्घीय समाजवाद हो। **सङ्घीय समाजवादमा हामीले सङ्घीयतालाई विभेद मुक्तिको आधारको रूपमा र समाजवादलाई समतामूलक समृद्धिको आधारको रूपमा लिएका छौँ।** विश्वका अनुभवहरूलाई हेर्दा पुँजीवादी सङ्घीयताले जातीय समस्या र वर्गीय समस्यालाई एक साथ हल गर्नसकेको छैन। सङ्घीय शासनले जातीय, भाषिक र क्षेत्रीय स्वशासन र स्वायत्तताको प्रत्याभूति दिन्छ। यसले जनताको निकट सत्ता पुऱ्याएर आफ्नो स्थानीय स्रोत साधनहरूको अधिकतम प्रयोगको अवसर प्रदान गर्दछ र विकासको लहर सृजना गर्दछ। तर पुँजीवादी सङ्घीयताले विकास सँगसँगै धनी र गरिवबिच ठूलो खाडल सृजना गरी वर्गीय विभेदलाई वढाउँछ। त्यसैले हामी समाजवादी सङ्घीयताको पक्षमा उभिएका छौँ र सङ्घीय शासनप्रणालीमा आधारित समाजवादलाई आफ्नो मौलिक बाटोको रूपमा ग्रहण गरेका छौं। नेपालको समाजवादी व्यवस्था नेपालकै सामाजिक आर्थिक संरचनामा आधारित हुनुपर्दछ। वर्तमान युगमा नेपालको समाजवाद उत्पादनका साधनहरूमाथि स्वामित्वका विविध रूपहरूमा आधारित हुनुपर्दछ। यस अन्तर्गत राजकीय/सार्वजनिक, सामुदायिक/सहकारी तथा निजी स्वामित्वको मिश्रित अर्थनीति अवलम्बन गरिने छ। सार्वजनिक-निजी साझेदारीको नीतिलाई विकासको मेरुदण्डको रूपमा बढावा दिइने छ। सङ्घीय समाजवादमा देशको उत्पादकत्वको

वृद्धि र त्यसको समन्यायिक वितरणलाई प्रभावकारी बनाइने छ । यसले सङ्घीय समाजवादी व्यवस्थालाई समतामूलक समृद्धि र सुशासनको दिशामा लाने छ ।

हाम्रो पार्टीको तात्कालिक लक्ष्य सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नु हो भने दिर्घकालीन लक्ष्य सङ्घीय समाजवादी व्यवस्था स्थापना गर्नु हो । यस व्यवस्थामा लोकतन्त्रका साश्वत मूल्य र मान्यताहरू सबै आत्मसात गरिने छन् । सङ्घीय समाजवादले राजनीतिक क्षेत्रमा जनताको सर्वोच्चता, बहुलतायुक्त खुल्ला समाज, वालिग मताधिकार, आवधिक निर्वाचन, प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था, समानुपातिक निर्वाचनप्रणाली, संवैधानिक तथा कानुनी राज्य, मौलिक एवम् मानव अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता, आत्मनिर्णयको अधिकार जस्ता लोकतान्त्रिक मूल्य र मान्यताहरू सबै आत्मसात गर्ने छ । त्यसको अलावा यस कार्यक्रमका थप विशेषताहरू निम्नानुसार छन् :

**१. सङ्घीय शासन :**

उत्पीडित राष्ट्रियताहरूमाथिको युगौँखिको शोषण र शाासन अन्त्य गरी तिनीहरूलाई देशमा साझा शासन र स्वशासनको प्रत्याभूति गर्न सङ्घीय शासन व्यवस्था अपनाइने छ । देशको विधायिकी, कार्यकारी र न्यायिक अधिकार संवैधानिक रूपमै सङ्घ र प्रदेश तथा विशेष संरचनाहरू (स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र गैर भौगोलिक विशेष क्षेत्र)मा बाँडफाँट गरिने छ । सङ्घ र प्रदेशबिच सहकार्यात्मक रूपमा कार्यसम्पादन गर्ने समानान्तर व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका हुने छन् । प्रदेश मातहत स्थानीय तहहरू हुने छन् । प्रदेशलाई अवशिष्ट अधिकार तथा अल्पसङ्ख्यक समुदायहरूलाई निषेधाधिकार (भिटोको अधिकार)दिइने छ ।

**२. समाजवादी व्यवस्था :**

सङ्घीय शासन सँगसँगै देशमा समतामूलक समृद्धिका लागि समजवादी अर्थ-राजनीतिक दिशा अवलम्बन गरिने छ । यस व्यवस्थामा वर्तमान क्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्दै चरणवद्ध रूपमा समाजवादको निर्माण गरिने छ । सङ्घीय समाजवाद राज्य नियन्त्रित समाजवाद नभई उत्पादनका साधनहरू सामाजिकीकरण भएको समुदाय वा समाज केन्द्रित समाजवाद हो । वर्तमान परिस्थितिमा नेपालको समाजवादमा राजकीय/सार्वजनिक, सहकारी/सामुदायिक र निजी स्वरूप भएको मिश्रित स्वामित्वप्रणाली हुने छ । राष्ट्रिय औद्योगिक पुँजीवादको जग निर्माण गर्दै समाजवादमा पुग्ने हाम्रो रणनीतिक बाटो हुने छ । अहिलेको परिस्थितिमा बजार र योजनाबद्ध विकासको समन्वय हुने समाजवाद उन्मुख नीति लिइने छ ।

**३. समावेशी लोकतन्त्र :**

बहुराष्ट्रिय मुलुकमा विभिन्न राष्ट्रियताका जनताको सहभागितामूलक लोकितान्त्रिक विधी अपनाउनका लागि समावेशी लोकतन्त्रको आवश्यकता छ । समावेशी लोकतन्त्रमा सबै समुदायहरूलाई राजनीतिको मूल प्रवाहमा समाहित गरिने छ । यस्तो लोकतन्त्र परम्परागत लोकतन्त्रमा जस्तो बहुमत वा बहुसङ्ख्यक समुदायको मात्र नभएर अल्पमत, अल्पसङ्ख्यक, लोपोन्मुख र सीमान्तकृत समुदायहरूको समेत समावेशीकरण र प्रतिनिधित्व हुने छ । तिनीहरूलाई देशको राजकीय तथा सार्वजनिक मामलामा सहभागिता तथा

प्रतिनिधित्वको माध्यमबाट समान अधिकार दिइने छ ।

**४. राष्ट्रिय पहिचान :**

नेपालमा गोर्खा राज्य विस्तारको प्रकृयाबाट आधुनिक नेपाल निर्माण भएदेख नै विभिन्न राष्ट्रियताहरूको पहिचान सङ्कटमा परेको छ । यहाँका शासकहरूले तथाकथित राष्ट्र-राज्यका नाममा आफ्नो जातीय राष्ट्रवादलाई नै देशको राष्ट्रवाद ठान्ने गल्ती गरेका छन् । त्यस्तो समुदाय जसको आफ्नो अलग ऐतिहासिक मानव भूगोल, साझा भाषा, साझा संस्कृति, साझा आर्थिक जीवन र साझा मनोभावना छ, तिनीहरू सबै नेपालका सन्दर्भमा अलग राष्ट्रियता हुन् । आदिवासी जनजातिहरू, मधेसी, थारु, खस, आर्य, शिल्पी, मुस्लिम आदि सबै नेपालका राष्ट्रियताहरू हुन् । राष्ट्रिय पहिचानसहितको सङ्घीयतामा नेपालमा ती सबै समुदायहरूको पहिचानसहितको प्रदेश वा विशेष संरचना निर्माण गरिने छ ।

**५. समानुपातिक समावेशीकरण :**

सङ्घीय समाजवादी व्यवस्थामा नेपालका सबै समुदायहरूलाई नीति निर्माण र कार्यान्वयनमा समानुपातिक प्रतिनिधित्वको हक प्रदान गरिने छ । यस नीतिअनुसार आदिवासी जनजाति, मधेसी, थारु, खस, आर्य, शिल्पी/दलित, मुस्लिम लगायतका सबै जाति/समुदायहरूलाई जनसङ्ख्याको अनुपातमा राज्यका सबै अङ्ग, तह र निकायहरूमा प्रतिनिधित्वको व्यवस्था गरिने छ । ती समूहहरूको प्रतिनिधित्व गराउँदा महिला, फरक क्षमता भएका समूह, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समूहलाई सम्बन्धित क्लष्टरमा समावेशी गर्ने व्यवस्था गरिने छ । न्युन जनसङ्ख्या भएका अल्पसङ्ख्यकहरूको अधिकार सुनिश्चित गर्न राज्यका विभिन्न अङ्गमा आरक्षण र कोटाप्रणालीको माध्यमले समावेशी बनाइने छ ।

**६. स्वशासन तथा स्वायत्तता :**

सङ्घीय समाजवादमा जातीय, भाषिक र क्षेत्रीय स्वायत्ततामा आधारित पहिचानसहितको सङ्घीय प्रदेश तथा विशेष संरचनाहरू निर्माण हुने छन् । तिनीहरूलाई आफ्नो लागि आफैले शासन गर्ने वा सरकार सञ्चालन गर्ने तथा राजकीय तथा सार्वजनिक मामलाहरूमा बाह्य नियन्त्रण वा हस्तक्षेपबिना आफूसँग सम्बन्धित विषयहरूमा आफैले निर्णय गर्ने र कार्यान्वयन गर्ने अधिकार हुने छ । यस्ता संरचनाहरूलाई आफ्नो आधारभूत कानुन आफै बनाउने, संशोधन गर्ने, खारेज गर्ने, त्यसलाई आफ्नो क्षेत्राधिकारभित्र कार्यान्वयन गर्ने, मानवीय तथा प्राकृतिक स्रोत साधनहरू परिचालन गर्ने, विकास निर्माण गर्ने लगायतका अधिकारहरू हुने छन् । संयुक्त राष्ट्रसङ्घको नीतिअनुरूप आत्मनिर्णयको अधिकार र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको अभिसन्धि नं. १६९ अनुरूप भूमिमाथि अग्राधिकार प्रदान गरिने छ ।

**७. सांस्कृतिक बहुलता :**

नेपाल वहुराष्ट्रिय राज्य भएकाले यहाँको संस्कृति पनि बहुलतायुक्त रहेको छ । त्यसैले सङ्घीय समाजवादी व्यवस्थामा राज्यले बहुसंस्कृतिवादको मान्यताअनुरूप जातीय, भाषिक, धार्मिक तथा सांस्कृतिक विविधतालाई सम्बोधन गर्ने छ । राज्यका सबै अङ्ग, तह र निकायका सरकारी काम काजमा बहुभाषिक नीति लागू गरिने छ । बहुधार्मिक मुलुक भएकाले प्रत्येक नागरिकलाई धर्म मान्ने वा नमान्ने स्वतन्त्रता हुने छ भने राज्य धर्मनिरपेक्ष

हुने छ । त्यसरी नै सबैको संस्कृति र सभ्यतालाई राज्यले समान मान्यता प्रदान गर्ने छ । सांस्कृतिक बहुलताको माध्यमबाट राष्ट्रिय पहिचानको प्रवर्द्धन गर्ने छ ।

**८. लोककल्याणकारी राज्य र सामाजिक न्याय :**

सङ्घीय समाजवादी व्यवस्थामा राज्य लोककल्याणकारी राज्य व्यवस्था हो । यस व्यवस्थामा देशको समृद्धिको सँगसँगै जनता पनि समृद्ध र राज्य सामाजिक न्यायको यन्त्र हुने छ । यस व्यवस्थामा देशका नागरिकहरूका बिच अवसरको समानता तथा धन सम्पत्तिको समन्यायिक वितरण गरिने छ । जीवनको न्यूनतम आवश्यकता आफै पुरा गर्न नसक्ने बालबालिका, अशक्त, असहाय तथा जेष्ठ नागरिकहरूका लागि राज्यले सामाजिक सुरक्षा प्रदान गर्ने छ । वृद्ध, अशक्त, असहायहरूको संरक्षणको दायित्व पनि राज्यले नै बहन गर्ने छ । समाजवादी व्यवस्थाको अर्थ-राजनीतिक दिशा लोककल्याणकारी राज्य सृजना गर्ने भएकाले शिक्षा, स्वास्थ्य, रोजगार, आवास, खाद्य सम्प्रभुता र सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा प्रत्याभूति गरिने छ ।

**९. बहुलतायुक्त राष्ट्रवाद र राष्ट्रिय एकता :**

नेपाली समाज बहुलतायुक्त समाज भएकाले यहाँको राष्ट्रवाद पनि नेपालका सबै राष्ट्रियताका जनताका साझा सङ्कल्प हुनुपर्दछ र एकथरी जनता राष्ट्रवादी र अर्कोथरी अराष्ट्रिय हुने राष्ट्रवादले देशलाई भावनात्मक एकतामा डोहऱ्याउन सक्दैन । आफ्नो ऐतिहासिक पृष्ठभूमि, भाषा, संस्कृति र पहिचानको रक्षा र सम्वर्द्धन गर्ने सङकल्पबाट मात्र राष्ट्रियता सुदृढ बन्न सक्दछ । राष्ट्रवाद जनतालाई विभाजित गर्ने र समुदाय-समुदायकाबिच विभेद सिर्जना गर्ने घृणा र उन्मादको नकारात्मक अवधारणामा आधारित हुनु हुँदैन । यो अत्यन्त हानिकारक र विभाजनकारी विचार हो । **सङ्घीय समाजवादी व्यवस्थामा देशभित्रका विभिन्न राष्ट्रियताहरूको पहिचान र सहअस्तित्वलाई समेट्ने छ । नेपालका सबै राष्ट्रियताहरूको एकता नै नेपालको राष्ट्रिय एकता हो भन्ने धारणालाई मजवुत बनाई बहुलतायुक्त राष्ट्रवादको विकास गरिने छ ।**

## ५. यथास्थितिवादी पार्टीहरू र ससफोबिचको भिन्नता

हाम्रो पार्टीले यस निर्वाचनमा संविधान संशोधनको साथमा **पहिचानसहितको सङ्घीयता, समतामूलक समृद्धि र सुशासन**को विषयलाई मुख्य एजेण्डाको रूपमा अगाडी सारेको छ । संविधान संशाोधनका विषयमा पुराना यथास्थितिवादी दलहरूसँग हाम्रो पार्टीको भिन्नताका सन्दर्भमा माथि नै चर्चा गरिएको छ । त्यसबाहेक अन्य दलहरूभन्दा निम्न कुराहरूमा भिन्न छ :

**१. राज्यको पुनर्संरचना सम्बन्धी दृष्टिकोण:** हाम्रो पार्टी पहिचानसहितको सङ्घीयताको पक्षमा छ भने नेपालका यथास्थितिवादी दलहरू प्रशासनिक सङ्घीयताको पक्षमा रहेका छन् ।

**२. शाससकीय स्वरूप:** हाम्रो पार्टी सङ्घमा राष्ट्रपति, प्रदेशमा मुख्यमन्त्रीका साथै विशेष संरचना तथा स्थानीय तहको कार्यकारी प्रमुख सबै जनताबाट प्रत्यक्ष निर्वाचित हुने शासकीय स्वरूपको पक्षमा छ । नेपाली काङ्ग्रेस र एमाले भने अहिले पनि संसदीय व्यवस्थाको पक्षमा छ ।

**३. व्यवस्थापिकाको समावेशी ढाँचा:** हाम्रो पार्टी सबै तहको व्यवस्थापिकासभा पूर्ण समानुपातिक समावेशी हुनुपर्छ भन्ने पक्षमा रहेको छ भने पुराना पार्टीहरू भएको ४० प्रतिशत पनि समाप्त गर्नुपर्ने धारणा राख्दछन् । त्यसरी नै हाम्रो पार्टी राष्ट्रियसभामा विशेष संरचनाहरूको प्रतिनिधित्वसहित जातीय विविधता झल्कने गरी प्रदेशहरूको सभा बनाउने पक्षमा छ भने अरु पार्टीहरू यस पक्षमा छैनन् ।

**४. सङ्घीय न्यायपालिका सम्बन्धी दृष्टिकोण:** हाम्रो पार्टी व्यवस्थापिका र कार्यपालिका मात्र होइन न्यायपालिका पनि सङ्घीय हुनुपर्छ भन्ने पक्षमा छ भने काङ्ग्रेस, एमाले र माओवादी केन्द्र तीनवटै दल एकीकृत न्यायपालिकाको नाममा एकात्मक न्यायपालिकाको पक्षपोषण गर्दछन् । संविधानसँग नबाझिने गरी परम्परागत कानुनहरू प्रयोगका सन्दर्भमा पनि हाम्रो पार्टी सकारात्मक छ भने अरु पार्टीहरू नकारात्मक छन् ।

**५. नयाँ प्रदेशको सृजना तथा सीमा हेरफेर:** हाम्रो पार्टी नयाँ प्रदेशको सृजना, सीमा हेरफेर जस्ता विषयमा पहिचानलाई सम्बोधन गर्नुपर्ने पक्षमा छ । तर यथास्थितिवादी पुराना दलहरू यस पक्षमा छैनन् । तिनीहरूले सङ्घवादको मान्यताविपरीत विश्वमा फरक पहिचान भएका समुदायहरूको अधिकार रक्षाका लागि राखिएको संविधान संशोधनमा प्रदेशहरूको संलग्नताको व्यवस्था नेपालमा नयाँ प्रदेशको सृजना र सीमा हेरफेर हुन नदिनका लागि राखेका छन् । संविधानमा धारा २७४ को उपधारा ४, ५, ६, र ७ त्यसैको उपज हो । यो सङ्घवादको मान्यताको दुरुपयोग हो ।

**६. अधिकार क्षेत्रको बाँडफाँड:** हाम्रो पार्टी सुरक्षा, मुद्रा, अन्तर्राष्ट्रिय सम्बन्ध, बहुप्रादेशिक स्रोत साधन, ठूला ठूला भन्सारबाहेक सबै अधिकार प्रदेश तथा विशेष संरचनाहरूमा रहनुपर्छ भन्ने पक्षमा रहेको छ भने पुराना यथास्थितिवादी दलहरू सङ्घलाई धेरै अधिकार दिई प्रदेशहरूलाई नाम मात्रको बनाउन चाहेका छन् ।

**७. अकेन्द्रीकरणको नीति:** हाम्रो पार्टी सङ्घीय गणतन्त्र नेपाल सार्वभौमसत्ता सम्पन्न प्रदेशहरूको सङ्घको रूपमा संविधानले बाँडफाँट गरेबमोजिमको अधिकार मात्र सङ्घले प्रयोग गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । तर यथास्थितिवादी दलहरू सङ्घीयतामा पनि अकेन्द्रीकरण होइन सबै अधिकार केन्द्रमा राखी प्रदेशलाई अधिकार निक्षेपण वा विकेन्द्रीकरण मात्र गर्ने पक्षमा छन् ।

**८. अवसिष्ट अधिकार:** हाम्रो पार्टी संविधानमा नतोकिएका अवशिष्ट अधिकार प्रदेशको क्षेत्राधिकारभित्र रहनुपर्छ भन्ने पक्षमा छ भने यथास्थितिवादी दलहरू केन्द्रमा राख्ने पक्षमा छन् ।

**९. विशेष संरचनाहरू:** हाम्रो पार्टी राज्यको विशेष तहको रूपमा अधिकारसम्पन्न स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र तथा विशेष क्षेत्र हुनुपर्छ भन्ने पक्षमा छ र बनेपछि तिनीहरूको अधिकार केन्द्रले एकतर्फी रूपमा नखोसोस भन्नाका लागि निषेधाधिकार (veto) को अधिकार हुनुपर्छ भन्ने पक्षमा छ भने यथास्थितिवादी दलहरू यसको पक्षमा छैनन् ।

**१०. समानुपातिक समावेशीकरणको हक:** हाम्रो पार्टी राज्यका सबै अङ्ग, तह र निकायमा जातीय/सामुदायिक जनसङ्ख्याको आधारमा समानुपातिक समावेशीकरण गर्ने र त्यसलाई मौलिक हकको रूपमा स्थापित गर्ने पक्षमा छ भने यथास्थितिवादी दलहरू त्यसको विपक्षमा छन् ।

**११. बहुभाषिक नीतिः** हाम्रो पार्टी सरकारी कामकाजको भाषाको नाममा शिक्षा, सञ्चार, अदालत सबै ठाउँमा एकल भाषा प्रयोग गर्ने नीतिको विरुद्ध छ भने यथास्थितिवादीहरू नेपाली भाषाको नाममा पर्वतीय-गोर्खा भाषालाई एकाधिकार र विशेषाधिकार दिने पक्षमा छन् ।

**१२. समानुपातिक निर्वाचनप्रणालीः** हाम्रो पार्टी राज्यको विभिन्न निर्वाचनमा समानुपातिक निर्वाचनप्रणालीको कुनै न कुनै रूप प्रयोग गर्ने पक्षमा छ भने यथास्थितिवादी दलहरू पहिला भ्रmैं पहिलो हुने निर्वाचित हुने निर्वाचनप्रणालीलाई नै प्रभावी बनाउने वा आंशिक रूपमा मात्र समानुपातिक निर्वाचनप्रणाली प्रयोग गर्ने पक्षमा छन् ।

**१३. बहुराष्ट्रिय राज्यको दिशाः** हाम्रो पार्टी बहुराष्ट्रिय राज्यको पक्षमा रहेको छ भने यथास्थितिवादी दलहरू एकल जातीय राज्यले अपनाउने राष्ट्र-राज्यको पक्षमा रहेका छन् । ती दलहरूले राष्ट्रियताको परिभाषा नै गलत ढङ्गले गरेका छन् ।

**१४. त्रिसङ्घीयताको मान्यता र स्थानीय तहः** यथास्थितिवादी दलहरू स्थानीय तहलाई प्रदेशको समानान्तर तह बनाएर त्रिसङ्घीयताको गलत मान्यता स्थापित गर्न प्रयासरत छन् । हामी अमेरिका, क्यानाडा, अष्ट्रेलिया आदि देशमा जस्तै सङ्घीयताको तेस्रो तह स्वायत्त क्षेत्र लगायतका विशेष संरचना र स्थानीय तहलाई प्रदेशको एकाइ बनाउने पक्षमा छौँ ।

**१५. आइएलओ १६९ को कार्यान्वयनः** हाम्रो पार्टी आइएलओ १६९ अनुरूप आदिवासी जनजाति तथा स्थानीय समुदायहरूलाई भूमिमाथि अग्राधिकार र प्राकृतिक स्रोतहरूको प्रयोग गर्दा पूर्व सुसुसचित मञ्जुरीको हक दिने पक्षमा छौँ भने यथास्थितिवादी दलहरू त्यसको विपक्षमा रहेका छन् ।

यि विषयहरूमा हाम्रो पार्टी र काङ्ग्रेस, एमाले लगायतका यथास्थितिवादी दलहरूबिच आधारभूत रूपले नै भिन्न दृष्टिकोण रहेको छ । त्यसैले सङ्घीयता सम्बन्धी स्पष्ट दृष्टिकोण राख्ने हाम्रो पार्टी पुराना सबै दलहरूको बैचारिक र राजनीतिक विकल्पको रूपमा यस निर्वाचनमा जनतासामु उपस्थित छ ।

## ६. प्रतिनिधी सभा र प्रदेशसभा सङ्घर्षको थलो

हाम्रो पार्टीले नेपालको संविधानलाई यथास्थिति र प्रतिगमनको दस्तावेजको रूपमा लिएको छ । त्यसैले हामीले यसको पुनर्लेखन/संशोधनका लागि आन्दोलन गरेका थियौँ । यस प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचन हामीले त्यहि कामका लागि उपयोग गर्ने दृष्टिकोण लिएका छौँ । त्यसैले **प्रतिनिधिसभा तथा प्रदेशसभा श्रमजीवि वर्ग र उत्पीडित समुदायको अधिकारका लागि सङ्घर्षको थलो हो । हामीले यस निर्वाचनलाई पनि सङ्घर्षको रूपमा उपयोग गर्नुपर्दछ र यथास्थितिबादी र पहिचान बिरोधीहरूमाथि प्रहारको निशाना केन्द्रित गर्नुपर्छ ।** यस निर्वाचनमा यो प्रवृत्तिको प्रमुख प्रतिनिधि पार्टीहरू नेपाली काङ्ग्रेस र नेकपा (एमाले) हुन् ।

नेपाली काङ्ग्रेस सैद्धान्तिक रूपमा लोकतन्त्रिक समाजवादी भए पनि राजनीतिक रूपमा यथास्थितिवादी रहेको छ भने नेकपा (एमाले) नाममा कम्युनिष्ट भए पनि राजनीतिक रूपमा यथास्थितिवादी नै रहेको छ । यी पार्टीहरूको दक्षिणपन्थी चिन्तन र व्यवहार नै

संविधानसभाबाट अग्रगामी संविधान नबन्नुको कारक हो । वर्तमान निर्वाचनमा नेपाली काङ्ग्रेसले पुनर्उत्थानवादी शक्तिको रूपमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)सँग समेत सरकार निर्माण र निर्वाचनमा गठबन्धन गर्न पुगेको छ । राप्रपा सङ्घीयता, गणतन्त्र र धर्मनिरपेक्षता विरोधी रहेको छ भने राप्रपा (प्रजातान्त्रिक) सङ्घीयता र गणतन्त्रको पक्षमा रहे पनि धर्मनिरपेक्षताको सन्दर्भमा प्रतिगामी रहेको छ । यी दुबै पार्टी अहिले कमजोर अवस्थामा छन् । ती दलहरूसँग गठबन्धन गरे पनि नेपाली काङ्ग्रेस संविधान संशोधनको मुद्दाहरूमा भने सकारात्मक रहेको छ र संविधान संशोधनको माध्यमबाट संविधानलाई अधिकतम स्वीकार्य बनाउने र नयाँ प्रदेशको सृजना, प्रदेशको सीमा हेरफेर लगायतका मुद्दाहरूमा लोकतान्त्रिक ढङ्गले निकास दिने पक्षमा रहेको छ । यस मामलामा नेपाली काङ्ग्रेस एमालेभन्दा प्रगतिशील रहेको छ । अर्कोतर्फ आफूलाई साम्यवादी र समताको पक्षपाती भन्ने नेकपा (एमाले) भने उत्पीडित राष्ट्रियताहरूको पहिचान र संविधान संशोधनको मुद्दामा काङ्ग्रेस पार्टीले जति पनि प्रगतिशील दृष्टिकोण राख्नसकेको छैन । यस पार्टीले पनि सङ्घीयता, गणतन्त्र र धर्मनिरपेक्षता विरोधी राप्रपासँग तालमेल गरेका छन् । यो एमालेको पहिचानसहितको सङ्घीयता विरोधी नीतिको परिणाम हो ।

नेकपा (माओवादी केन्द्र)ले विगतमा संविधान संशोधनको मुद्दामा यी दुबै पार्टीभन्दा अग्रगामी सोच राख्दथ्यो । तर यस निर्वाचनसम्म आइपुग्दा यो पार्टी एमालेको सहयोगी पार्टीको रूपमा निर्वाचनमा सहभागी हुन पुगेको छ । यी दुई दलको रणनीतिक लक्ष्य मिले पनि तात्कालिक मुद्दाहरूमा विगतमा विपरीत दिशामा उभिँदै आएका थिए । हाल एमाले नेतृत्वको कम्युनिष्ट गठबन्धनमा सामेल भएसँगै यस पार्टीले आफ्नो धेरै दृष्टिकोणहरूलाई तिलाञ्जली दिएको छ । यस निर्वाचनमा भाग लिइरहेको अर्को पार्टी राष्ट्रिय जनता पार्टीले पनि संविधान संशोधनको मुद्दालाई मुख्य मुद्दाको रूपमा उठाएको छ । सुधारवादी शक्तिका रूपमा रहेको यो पार्टीका पूर्व घटकहरूसँग हाम्रो पार्टीले आन्दोलनमा लामो सहकार्य गरेको छ । विगतमा उनीहरूको भूमिका जनसङ्घर्षमा भन्दा सत्ता प्राप्तिमा बढी केन्द्रित रहेको थियो । हाल हाम्रो पार्टीले यस पार्टीसँग २ नम्वर प्रदेशमा सिट तालमेल गरी निर्वाचन लडेको छ । यसले २ नम्वर प्रदेशमा हाम्रो सरकार बन्ने सम्भावनालाई निकट ल्याएको छ । त्यसरी नै कतिपय ठाउँमा समान हित र आकाङ्क्षाका साथै वैचारिक सामिप्यताका आधारमा नयाँशक्ति पार्टी, नेपालसँग पनि हाम्रो सिट तालमेल भएको छ । हामीले राष्ट्रिय स्तरमा पहिचान र सङ्घीयता पक्षधर शक्तिहरूलाई समेटेर तेस्रो धारको गठबन्धन निर्माणको तयारी गर्नुपर्दछ ।

हामीले गत संविधानसभा र रूपान्तरित व्यवस्थापिका संसदमा नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) तीनवटै दलको भूमिका देखिसकेका छौं । यस निर्वाचनमा तिनीहरूले जिते मुलुक पुनः द्वन्द्वमा जाने सम्भावना छ । देशमा राजनीति स्थिरता नभए शान्ति, समृद्धि र सुशासन पनि कायम हुन सक्दैन । त्यसैले अब नेपालमा भएको युगान्तकारी परिवर्तनका बाँकी कार्यभारहरू पुरा गर्न र देशलाई सक्षम नेतृत्व प्रदान गर्नसक्ने एक मात्र आमुल परिवर्तनकारी, अग्रगामी, क्रान्तिकारी शक्ति सङ्घीय समाजवादी फोरम, नेपाललाई यस प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा अत्यधिक बहुमत दिएर विजयी

गराउनुपर्दछ । सङ्घीय समाजवादी फोरम, नेपालको विजयबाट मात्र पहिचानसहितको सङ्घीयता, समतामूलक समृद्धि र सुशासनको प्रत्याभूति हुन्छ । अतः सङ्घीय समाजवादी फोरम, नेपाल स्वदेश तथा विदेशमा रहनु भएका सबै पार्टी सदस्य, समर्थक, शुभेच्छुक तथा पहिचान र सङ्घीयताका पक्षधर आम जनसमुदायलाई आफ्नो अधिकारका लागि अग्रपङ्क्तिमा उभिई आवाज बुलन्द गर्न हार्दिक अपिल गर्दछ । आदरणीय जनसमुदायहरू, पहिचानसहितको सङ्घीयताको विपक्षमा रहेको शासक वर्गहरू अहिले पनि चुप लागेर बसेका छैनन् । संविधान संशोधनका सन्दर्भमा अहिले पनि अन्तर्सङ्घर्ष जारी छ । त्यसैले आउनु होस, हामीलाई साथ दिनुस, परिवर्तन अवश्यम्भावी छ ।

## ७. राजनीतिक अग्रगमन र समतामूलक समृद्धिका लागि हाम्रो नीति र कार्यक्रम

### ७.१. राजनीतिक अग्रगमनका निम्ति हाम्रो नीति

हाम्रो पार्टीको रणनीतिक लक्ष्य सङ्घीय समाजवादी गणतन्त्रात्मक राज्य व्यवस्थाको स्थापना हो । राष्ट्रिय स्वाधिनता, लोकतन्त्र, शान्ति, समृद्धि र सुशासनको मार्गचित्रबाट मात्र हामी आफ्नो गन्तव्यमा पुग्न सक्दछौं । नेपालमा परम्परागत संसदीय व्यवस्थाको प्रयोगले देशमा अस्थिरता उत्पन्न भई सो बाटो अवरुद्ध हुन पुगेको छ । लामो समय एकात्मक राज्य व्यवस्था रहनुले यहाँका उत्पीडित समुदायहरूको पहिचान र अधिकार सङ्कटमा परेका छन् । यहाँको लोकतन्त्र सहभागितामूलक होइन औपचारिक मात्र बन्न पुगेको छ । बहुमतको सरकार र अल्पमतको विपक्ष हुने संसदीय व्यवस्थाले हाम्रो जस्तो बहुजातीय बहुभाषिक देशमा सबै समुदायलाई समावेशी बनाउन पनि सक्दैन । नेपालमा गणतन्त्रको स्थापना पछिको ९ वर्षमा १० पटक सरकार परिवर्तन भए । यस व्यवस्थाले मुलुकको राजनीतिमा अस्थिरता मात्र होइन, विकृति र विसङ्गति पनि सृजना गरे । त्यसैले तात्कालिक रूपमा हाम्रो पार्टी सङ्घीय शासनप्रणालीमा आधारित समानुपातिक समावेशी राज्य व्यवस्था सृजना हुनु पर्ने पक्षमा दृढता पूर्वक उभिएको छ । यसका लागि राजनीतिक क्षेत्रमा हाम्रो नीति यसप्रकार रहेको छ ।

**१. राज्य व्यवस्था**

- नेपाललाई स्वतन्त्र, सार्वभौम, समावेशी, लोकतान्त्रिक, विभेदरहित, धर्मनिरपेक्ष, सङ्घीय समाजवादी गणतन्त्रात्मक बहुराष्ट्रिय राज्यको रूपमा अगाडी बढाउने ।
- सङ्घीय, प्रादेशिक, विशेष संरचना तथा स्थानीय तहका राज्य व्यवस्था सहकारी सङ्घीयताको मान्यताअनुरूप सञ्चालन हुने ।
- शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा सबै तहको व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र संवैधानिक अङ्गहरू सञ्चालन हुने ।
- सङ्घमा दुइ सदनात्मक तथा प्रदेश र विशेष संरचनाहरूमा एक सदनात्मक व्यवास्थापिकासभा हुने ।
- राज्यका सबै अङगहरूमा जातीय/सामुदायिक जनसङ्ख्याको आधारमा समानुपातिक समावेशी हुने ।
- लोक सम्प्रभुता स्थापित गर्ने ।
- समानुपातिक निर्वाचनप्रणालीको आधारमा सबै तहको निर्वाचन हुने व्यवस्था गर्ने ।

- संयुक्त राष्ट्र सङ्घको बडापत्र, आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्र-२००७, अन्तर्राष्ट्रिय अनुबन्धहरू र आइएलओ महासन्धि १६९ लगायत नेपाल पक्षराष्ट्र भएका सबै सन्धीहरू कार्यान्वयन गर्ने ।

## २. शासकीय स्वरूप

- प्रत्यक्ष लोकतन्त्रको मान्यताअनुरूप सङ्घमा वालिग मताधिकारमा आधारित जनताद्वारा निर्वाचित कार्यकारी राष्ट्रपति हुने छ भने प्रदेशहरूमा मुख्यमन्त्री तथा विशेष संरचना र स्थानीय तहहरूमा त्यहाँको कार्यकारी प्रमुख पनि वालिग मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचित हुने ।
- कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा बढी राष्ट्रपति हुन नपाउने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग, प्रदेश र जातिको हुने व्यवस्था गर्ने ।
- राष्ट्रपतिले समावेशी रूपमा प्रधानमन्त्रीसहितको मन्त्री परिषद बनाउने ।
- शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप मन्त्रीहरू राजनीतिज्ञ र विशेषज्ञहरू मध्येबाट नियुक्त गर्ने ।
- सङ्घीय, प्रादेशिक, विशेष संरचना तथा स्थानीय तहका सरकारहरूबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने ।
- कार्य क्षमताको अभाव र खराब आचरण भएको वस्तुनिष्ठ आधार र कारणहरू भएमा सबै तहका सरकारको पदाधिकारीहरूमाथि प्रत्याह्वान गर्न वा महाभियोग लगाउन सकिने व्यवस्था गर्ने ।

## ३. उत्पीडित राष्ट्रियताहरूको पहिचान र अधिकार

आधुनिक नेपाल निर्माणको ऐतिहासिक घटनासँगै मुलुकमा जातीय, भाषिक, सांस्कृतिक तथा धार्मिक उत्पीडन पनि सुरु भयो । राज्यको यो उत्पीडनकारी नीति "एक भाषा एक भेष, एक संस्कृति एक देश" सम्म बिस्तारित भयो । त्यति मात्र नभएर राज्यलाई हिन्दू धर्मसापेक्ष जातिवादी बनाएर राज्यका सबै अङ्गहरू त्यही जातिवादी दर्शन मुल्य र मान्यतामा आधारित बनाउँदै त्यहीअनुसारको न्याय, कानुन, शिक्षा, समाजिक तथा आर्थिकप्रणाली सञ्चालन गरियो र देशका विभिन्न समुदायहरूलाई चरम उत्पीडनमा राखियो । सङ्घीय समाजवादी फोरम, नेपाल सबै किसिमका उत्पीडनहरूको अन्त्यका लागि संविधानसभामा उत्पीडनमा रहेका सबै समुदायका अधिकार स्थपित गर्न अग्रसर हुने छ ।

### ३.१. आदिवासी जनजाति

- आदिवासी जनजातिहरूलाई विभिन्न सङ्घीय प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र वा विशेष क्षेत्रहरूमा सङ्गठित हुने तथा आफ्नो राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका निम्ति संयुक्त राष्ट्रसङ्घको घोषणाअनुसार आत्मनिर्णयको अधिकार हुने ।
- आइ.एल.ओ. महासन्धि १६९ अनुसार जल, जमिन, जङ्गल लगायतका प्राकृतिक स्रोत साधनहरूको प्रयोग, व्यवस्थापन र लाभको वितरणमा अग्राधिकार हुने । ठूला ठूला परियोजनाहरू सञ्चालन गर्दा त्यहाँका आदिवासी जनजाति तथा स्थानीय समुदायलाई स्वतन्त्र, पूर्व सुसुचित मन्जुरीको हक हुने ।

- आदिवासी जनजातिलाई आफ्नो भाषा, धर्म, संस्कृति र पहिचान संरक्षणको साथै समानुपातिक समावेशीकरणको हक हुने ।
- अल्पसङ्ख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई राष्ट्रिय पहिचानको आधारमा संरक्षणको विशेष अधिकार हुने । आदिवासी जनजातिहरूलाई अल्पसङ्ख्यकको रूपमा गरिएको सूचीकरण खारेज गर्ने ।

**३.२. मधेसी**

- मधेसी समुदायको राष्ट्रिय पहिचान र अधिकार प्रत्याभूति गर्ने ।
- मधेसी समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका निम्ति संयुक्त राष्ट्रसङ्घको घोषणाअनुसार आत्मनिर्णयको अधिकार हुने ।
- विगत लामो समयदेखि मधेसी जनतामाथि थोपरेका सबै प्रकारका विभेद र उत्पीडनहरूलाई अन्त्य गर्दै राष्ट्रिय मूलधारमा स्थापित गर्ने ।
- निजामति सेवा, सेना लगायत सबै राष्ट्रिय निकायहरूमा मधेसी समुदायलाई समान अवसर तथा जनसङ्ख्याको अनुपातमा समानुपातिक समावेशीकरण गर्ने ।
- पिछडा वर्गलाई आरक्षणको माध्यमबाट राज्यका सबै तह र निकायमा सहभागी गराउने ।

**३.३. खस समुदाय**

- खस समुदायलाई आफ्नो ऐतिहासिक थलोमा स्वायत्त प्रदेशमा सङ्गठित भई राजकीय तथा सार्वजनिक मामिलामा आत्मनिर्णयको अधिकार हुने ।
- खस र आर्यको अलग राष्ट्रिय पहिचान स्थापित गर्ने ।
- खसान प्रदेशका जनतालाई समान अवसरका साथै खस समुदायलाई राज्यका सबै निकायमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने ।
- पिछडिएको क्षेत्रका जनतालाई विकासको स्तर औसत राष्ट्रिय स्तरमा पुऱ्याउनका लागि राज्यले विशेष नीति तय गर्ने ।
- सिँजा उपत्यकालाई खस सभ्यताको केन्द्रको रूपमा विकास गर्ने ।

**३.४. शिल्पी/दलित**

- सामन्ती ब्राम्हणवादी राज्यसत्ताद्वारा तथाकथित दलित बनाईएका शिल्पी समुदायको सम्मानजनक पहिचान स्थापित गर्ने ।
- शिल्पी समुदायलाई स्वायत्त प्रदेश सरहको गैर भौगोलक विशेष प्रदेशको अधिकारका साथै राज्यका सबै अङ्गमा समानुपातिक प्रतिनिधित्व र विशेष अधिकारको व्यवस्था गर्ने ।
- नेपाललाई जातीय छुवाछुत मुक्त राष्ट्र घोषित गरिसकेको सन्दर्भमा धर्म र संस्कृतिका नाममा हुने छुवाछुतलाई दण्डनीय मानवीय अपराधको रूपमा लिंदै त्यसको अन्त्यका लागि प्रभावकारी कानुन बनाउने ।
- छुवाछुत पीडित व्यक्तिले कानुन बमोजिम सम्बन्धित व्यक्तिबाट क्षतिपूर्ति पाउने व्यवस्था गर्ने ।

**३.५. मुस्लिम**

- मुस्लिम समुदायको पहिचानको अधिकार सुरक्षित गर्दै मुस्लिमहरूको वाहुल्यता रहेको

स्थानहरूमा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र वा विशेष क्षेत्र गठन गर्ने तथा समानुपातिक समावेशीको हक सुनिश्चित गर्ने ।

- मुस्लिमहरूको हक, हित र अधिकारको संरक्षणका लागि विशेष अधिकारको साथै मुस्लिम आयोगको गठन गर्ने ।
- मुस्लिम समुदायका धार्मिक तथा सांस्कृतिक अधिकारहरूको जगेर्ना र उनीहरूका सांस्कृतिक सम्पदाहरूको सुरक्षा गर्न विशेष कार्यक्रम लागू गर्ने । मुस्लिम समुदायका धार्मिक महत्त्वका स्थल, वस्तु, मस्जिद आदिको संरक्षण गर्ने ।
- मदरसा शिक्षालाई राष्ट्रिय शिक्षासँग समन्वय गर्ने र त्यसको गुणस्तर बृद्धिका लागि मदरसा शिक्षा बोर्ड गठन गर्ने ।
- हज कानुनको निर्माण गरी स्थायी हज समिति गठन गर्ने ।

## ७.२. नेपाली समाज समृद्धिका निम्ति हाम्रो नीति

देशको सम्पूर्ण भूमि, प्राकृतिक स्रोत र उत्पादनका साधनहरू सामाजिक कार्यका लागि उपयोग गरिने सार्वजनिक सम्पति हुने छन् । यस्ता साधनहरू स्थिति हेरी सामुदायिक, सहकारी तथा निजी स्वामित्वमा रहने छन् । नेपाली समाज समृद्धिका लागि समाजवादी अर्थ-राजनीतिक दिशा अवलम्वन गरिने छ । यसको ठोस रूप समाजवाद उन्मुख मिश्रित अर्थतन्त्र हो । महत्त्वपूर्ण सार्वजनिक क्षेत्रलाई राजकीय स्वामित्व वा वलियो राजकीय नियमन, रेखदेखमा ल्याइने छ । विशेषतः राष्ट्रिय सुरक्षा, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता क्षेत्रलाई सार्वजनिक स्वामित्व र दायित्वभित्र राखिने छ । बाँकी क्षेत्रलाई सहकारी तथा निजी स्वामित्वमा रहन दिइने छ । राजकीय/सार्वजनिक, सहकारी/सामुदायिक र निजी क्षेत्रको समन्वयात्मक तथा क्रियाशील भूमिकाका आधारमा नेपाली अर्थतन्त्रको विकास गरिने छ । **सार्वजनिक-निजी साझेदारीलाई विकासको मेरुदण्डको रूपमा लिइने छ ।** राज्य र निजी क्षेत्रको सहयोगात्मक भूमिकाको आधारमा देशलाई औद्योगीकरण गर्ने नीति लिइने छ । सामुदायिक उत्पादन र व्यवस्थापनप्रणाली लागू गरिने छ । उत्पादनका लाभहरूको समन्यायिक वितरण गरिने छ । प्राकृतिक स्रोत साधनको दीगो उपयोग र उर्जा विकास अर्थतन्त्र निर्माणको मुख्य पक्ष हुने छ । श्रमजीवी वर्ग तथा उत्पीडित समुदायको हितमा आधारभूत अर्थनीति परिचालन गरिने छ ।

### १. आधारभूत अर्थनीति

- नयाँ सङ्घीय संरचनाअनुसार वित्तीय तथा मौद्रिक नीति परिमार्जन गरी कार्यान्वयन गर्ने । वित्तीय तथा मौद्रिक संस्थाहरूको स्वायत्तता र नियमनबिच समन्वय कायम गरी सञ्चालन गर्ने ।
- आर्थिक स्रोत-साधनहरूको अधिकतम उपयोग तथा उत्पादन बृद्धि गर्न राज्यले पूर्वाधार विकासमा जोड दिने ।
- निजी क्षेत्रले उद्योग, व्यापार, पर्यटनका साथै पूर्वाधार निर्माण र विकासमा समेत अहम् भूमिका खेल्ने वातावरण सिर्जना गर्ने ।
- बजार अर्थतन्त्रलाई प्रबर्द्धित गर्ने । तर पुँजी र बजारलाई सामाजिक, सांस्कृतिक र मानवीय सम्बन्धहरूलाई अनुचित प्रभावीत गर्ने गरी व्यापारीकरण गर्न नदिने । राज्य र बजारको भूमिकालाई सन्तुलित बनाउने ।

- आर्थिक बृद्धिदर उच्च राख्न पुँजी निर्माण तथा परिचालन, नयाँ प्रविधिको उपयोग र विकासका साथै विभिन्न रूप र स्थितिमा रहेका उत्पादक शक्तिहरूको क्षमता विकास एवम् प्रभाव विस्तारमा जोड दिने ।
- निर्यातभन्दा सात गुणा बढी आयात भइरहेको परिप्रेक्ष्यमा तुलनात्मक लाभ भएका उद्योगको क्षेत्रमा लगानी बढाउन राष्ट्रिय उद्योगीहरूलाई प्रोत्साहन दिने । देशको स्रोत साधनमा आधारित निकासीको अभिवृद्धि गरी बढ्दो व्यापार घाटालाई नियन्त्रण गर्ने ।
- जल, जमिन, जङ्गल, जडीवुटी र जनशक्ति जस्तो महत्त्वपूर्ण स्रोत साधनहरूको उच्चतम सदुपयोग गरी मुलुकलाई तीव्र आर्थिक विकासको बाटोमा डोहऱ्याउनका लागि विकासका पूर्वाधार तयार गर्ने ।
- बिकास योजनाहरू तर्जुमा गर्दा तीव्र आर्थिक वृद्धिका साथै समतामूलक समाज निर्माण गर्न जोड दिने । यसका लागि ५ वर्ष, १० वर्ष र २५ वर्षको योजना तर्जुमा गर्ने ।
- ५ वर्षभित्र उर्जा शक्तिमा आत्मनिर्भर हुने, कूल गार्हस्थ उत्पादनको ५० प्रतिशत स्थीर पुँजीको रूपमा विकास गर्ने, २ अङ्कको आर्थिक वृद्धि हासिल गर्ने, प्रति व्यक्ति आय दोब्बर पुऱ्याउने र निरपेक्ष गरिवीको रेखामुनी रहेका जनतालाई गरिवीबाट मुक्त गर्ने ।
- १० वर्षभित्र आर्थिक रूपमा आत्मनिर्भर बनाउने र देशलाई विकासशील मुलुकमा रूपान्तरित गर्ने । २५ वर्षभित्र मुलुकका स्रोत साधनहरूको अधिकतम उपयोग गरी विकसित मुलुकको दाँजोमा पुऱ्याउने ।
- उत्पादनको वृद्धि तथा समन्यायिक वितरण, सार्वजनिक खर्चको सन्तुलित विनियोजन, तथा वित्तीय साधनको न्यायोचित बाँडफाँटका आधारमा सामाजिक न्यायको मार्गमा राज्यका सबै कार्य अगाडि बढाउने ।
- देशको प्राकृतिक तथा मानवीय स्रोत-साधनको अधिकतम् उपयोग गरी गरिवी तथा बेरोजगारी घटाउन ठोस कार्यक्रम सञ्चालन गर्ने ।
- समताको सिद्धान्तमा आधारित प्रगतिशील करप्रणाली लागू गर्ने ।
- देश विकासका लागि बाधक रहेका आर्थिक ऐन, नियमहरू संशोधन गर्ने ।

## २. कृषि तथा भूमि व्यवस्था

- परम्परागत निर्वाहमुखी कृषि अर्थतन्त्रलाई आधुनिक आत्मनिर्भर औद्योगिक अर्थतन्त्रमा प्रबर्द्धन गर्न कृषिमा आधारित उद्योगको विकासलाई प्राथमिकता दिने ।
- कृषिको वैज्ञानिकीकरण, यान्त्रिकीकरण र व्यवसायिकीकरण गर्ने । कृषि फार्महरूको विकास गरी दुई वर्षभित्र खाद्य पदार्थहरूमा आत्मनिर्भर हुने ।
- भूमिको उत्पादकत्व बृद्धिका लागि बैज्ञानिक भू उपयोग नीति लागू गर्ने ।
- भूमि सुधारका अहिलेसम्मका आयोगको प्रतिवेदन र कामको समिक्षा गर्दै किसानको हितमा बैज्ञानिक भूमि सुधार लागू गर्ने ।
- कृषि उपजहरूको आयात प्रतिस्थापन गर्न निर्यातमूलक कृषि उपज तथा जडिबुटीहरूको ब्यवस्थित उत्पादन र निर्यात बृद्धिका लागि ठोस काम गर्ने ।
- राज्यले किसानहरूका लागि आवश्यक सुविधाहरू जस्तै कृषि ऋण, उन्नत मल, बीउ विजन, प्राविधिक शिक्षा, सिंचाइ, कृषि बजारको ब्यवस्था, कृषि सडक आदिको ठोस कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।

- दुई वा दुईभन्दा बढी किसानहरूको संलग्नतामा चक्लावन्दी गरी सहकारी खेती गर्ने किसानहरूलाई राज्यले प्रोत्साहित गर्ने । कृषि सम्बन्धी सम्पूर्ण सेवाहरू आपूर्ति गर्ने कार्यमा सहकारी संस्थाहरूलाई प्राथमिकता दिने ।
- कृषिमा बिमाको व्यवस्था गरी कृषि पेसामा रहेको जोखिमलाई निराकरण गर्ने ।
- गरिवीको रेखामुनि रहेका मुक्त कमैया, हलिया, बाँधा र भूमिहिन किसानहरूलाई बसोवासको व्यवस्थाका साथै तिनीहरूको जीवन स्तर माथि उठाउन ठोस नीति तथा कार्यक्रम ल्याउने ।
- चालू सिंचाई योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्ने तथा ५ वर्षभित्र सुनकोशी-कमला, भेरी-बबइ लगायत ठूला नदीहरूबाट पानी डाइभर्सन गरी देशैभरि सिंचाइ सुविधा पुऱ्याउने नीति लिने ।
- तराई क्षेत्रका नदी कटान क्षेत्रलाई तटवन्धन गरी नदी उकास भूभागलाई व्यवस्थित रूपमा प्रयोगमा ल्याउन योजना बनाउने ।

## ३. उद्योग तथा विदेशी लगानी

- उद्योग, वाणिज्य र व्यापारको क्षेत्रमा ऐतिहासिक कालदेखि रहेको ज्ञान, सीप र अनुभवका आधारमा आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धनमूलक उद्योगको विकास हुने गरी औद्योगिक नीति बनाउने ।
- पुँजी, श्रम र उद्यमशीलताको संयोजन, लगानी मैत्री वातावरणको निर्माण तथा नयाँ औद्योगिक क्षेत्रहरूको स्थापना गरी राष्ट्रिय औद्योगिकरणको गतिलाई तिब्रता दिने ।
- राष्ट्रिय हितको सुनिश्चितता गर्दै विदेशी पुँजी, प्रविधि तथा लगानीलाई भित्र्याउने । औद्योगिक विकासलाई तिव्रता दिनका निम्ति देशका विभिन्न ठाउँमा विशेष आर्थिक क्षेत्रको स्थापना गर्ने ।
- कृषि, पर्यटन र जलस्रोत क्षेत्रका उद्योगमा लगानीलाई प्रथमिकता दिंदै वन पैदावार, जडिबुटी प्रशोधन, खनिज र कृषिजन्य उद्योगहरूको विकासलाई योजनावद्ध रूपले अघि बढाउने ।
- स्वदेशी लगानीलाई प्रोत्साहन र वैदेशिक लगानीलाई आकर्षण गर्ने नीति लिने ।
- तुलनात्मक लाभ भएका उद्योगको क्षेत्रमा लगानी बढाउन राष्ट्रिय उद्योगीहरूलाई प्रोत्साहन दिने । समावेशितालाई प्रोत्साहित गर्ने उद्योगहरूलाई विशेष सुविधा दिने ।
- मुलुकको झण्डै ५० प्रतिशत हिस्सा ओगटेको सेवा उद्योगको विकास र विस्तारमा जोड दिने ।
- देशको आन्तरिक स्रोत साधनमा आधारित ग्रामीण लघु उद्योगहरूका साथै घरेलु तथा साना उद्योग व्यवसायहरूको विकास र प्रवर्द्धनमा जोड दिने ।
- मौजुदा औद्योगिक उत्पादनलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन मझौला उद्योगहरूलाई ठुला उद्योगको रूपमा विकास गर्ने वातावण सिर्जना गर्ने ।
- कृषिजन्य उद्योगहरूमा प्रवाहित हुने ऋणमा लगाइने ब्याजदर कम गरी त्यस्ता उद्योगहरूलाई प्रोत्साहन गर्ने ।
- औद्योगिक दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्राविधिक शिक्षा दिने तथा श्रम बजार मिल्दो एकीकृत सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने ।

## ४. वाणिज्य तथा आपूर्ति

- राष्ट्रिय औद्योगिकरणलाई बढावा दिने गरी ब्यापारलाई विविधीकरण गर्ने ।
- तुलनात्मक लाभका वस्तुहरूको निकासीलाई प्रोत्साहित गर्ने र अन्तर्राष्ट्रिय बजारको प्रवर्द्धन गर्ने ।
- व्यापार र पारवहन क्षेत्रमा पारस्परिक लाभको आधारमा सन्धि गर्न पहल गर्ने ।
- विदेशी बस्तुहरूको अनुचित प्रतिष्पर्धाबाट स्वदेशी बस्तुहरूलाई संरक्षण गरी आयात नियन्त्रण गर्ने ।
- एकाधिकार, अल्पाधिकार, मिसावट, महंगी, कृत्रिम अभाव, कालाबजारी जस्ता बिकृतिहरूको नियन्त्रण गर्न सरकारी उपाय, बजार संयन्त्र र सजग उपभोक्ताहरूको सहकार्य र समझदारीको नीति लिने ।
- दैनिक उपभोग्य बस्तुहरूमा हुने संकटलाई अन्त्य गर्न आपूर्तिको ठोस ब्यवस्था गर्ने । कार्टेलिङ्ग र सिन्डीकेटप्रणालीलाई निर्मूल गर्ने ।
- जनताको दैनिक जीवनलाई सहज बनाउन पेट्रोलियम तथा ग्याँसको उत्खननलाई ठोस कार्यरूप दिने ।
- हिमाली भेगका जनताको अत्यावश्यकीय वस्तुहरूको आपूर्तिमा रहेको समस्यालाई ध्यानमा राखी उत्तरी सीमाको थप व्यापारिक नाकाहरू खोल्ने ।
- चीन र भारत जस्तो विशाल अर्थतन्त्र भएका छिमेकीहरूबिचको आर्थिक सम्बन्धबाट फाइदा लिनका लागि नेपाललाई दुई देशबिचको पारवहन विन्दूका रूपमा स्थापित गर्ने अर्थ कुटनीति अबलम्वन गर्ने ।

## ५. जलस्रोत तथा उर्जा व्यवस्थापन

- जलस्रोत तथा उर्जा विकास देशको स्थायित्व, विकास र समृद्धिको भरपर्दो, महत्त्वपूर्ण र दिगो आधार भएकाले त्यसका लागि राष्ट्रिय सहमतिका आधारमा एकीकृत राष्ट्रिय योजना र कार्यक्रम तर्जुमा गर्ने ।
- उर्जाको विकासलाई राष्ट्रिय प्राथमिकता प्राप्त उद्योगका रूपमा महत्त्व दिनुका साथै लाइसेन्स दिने काममा भइरहेको प्रशासनिक झन्झटबाट मुक्त गर्न एकद्वारप्रणाली लागू गर्ने ।
- ५ वर्षभित्र सबै उत्पादनका केन्द्र तथा औद्योगिक क्षेत्रहरूमा चौबिसै घण्टा विद्युत उपलब्ध गराउने ।
- गरिवीको रेखामुनी रहेका जनतालाई घरेलु खपतमा निशुल्क उर्जा सुविधा दिने ।
- उर्जा विकासका लागि सार्वजनिक, सहकारी र नीजि क्षेत्रको सहकार्यलाई प्रोत्साहित गर्नुका साथै स्थानीय जनताको शेयर/लगानीलाई उच्च प्राथमिकता दिने ।
- उर्जा क्षेत्रमा ठूला परियोजनाहरूको विकासका लागि बहुराष्ट्रिय वैंकहरूसँगको सहकार्य तथा राज्य र निजी क्षेत्रको लगानीमा उर्जा विकास बैंक स्थापना गर्ने र नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, वीमा कम्पनी आदिमा रहेको कोषलाई विद्युत उत्पादनमा लगाउन प्रेरित गर्ने ।
- जलविद्युत योजनाहरू सम्पन्न गर्न भैरहेको ढिलाई अन्त्य गर्दै ५ वर्षभित्र उर्जामा आत्मनिर्भर हुने । साना तथा मझौला जलविद्युत आयोजनाहरूका साथै सौर्य, आणविक,

वास्प/वायु आदि वैकल्पिक उर्जा उत्पादनमा प्राथमिकता दिने ।

- जलासययुक्त आयोजनाहरूको विकासलाई प्रोत्साहित गर्न सरकारले निश्चित अवधीसम्म कर छुटको सुविधा दिने । त्यस्ता आयोजनाहरूमा नेपालको हितलाई सर्वोपरि राख्दै विदेशी लगानी आकर्षित गर्ने ।
- नदीप्रणालीमा आधारित उत्तर दक्षिण लोकमार्गहरूमा मध्यम क्षमताको तथा तराई/मधेसको पूर्व पश्चिम लोकमार्ग, हुलाकी लोकमार्ग र मध्य पहाडको पुस्पलाल लोकमार्गमा उच्च क्षमताको विद्युत प्रसारण लाईन जडान गर्ने । सहर बजारमा सम्पूर्ण विद्युत प्रसारण लाइन भूमिगत रूपमा जडान गर्ने ।

## ६. पर्यटन

- नेपाललाई पर्यटकीय दृष्टिले अन्तर्राष्ट्रिय गन्तब्य केन्द्रको रूपमा विकसित गर्दै यस क्षेत्रलाई रोजगारी र विदेशी मुद्रा आर्जनको स्रोतको रूपमा विकास गर्ने ।
- देशको सांस्कृतिक, जैविक एवम् भौगोलिक विविधतालाई पर्यटनको मुख्य क्षेत्रको रूपमा विकास गर्न आवश्यक बजेटको ब्यवस्था गर्ने र कामलाई तिव्रता दिने ।
- विमानस्थल, हवाई उड्ययन, होटल, ट्राभल एजेन्सी, ट्रेकिङ एजेन्सी, राष्ट्रिय निकुञ्ज, हिमाली सडक जस्ता पूर्वाधारहरूलाई व्यवस्थित गर्ने ।
- जीर्ण अवस्थामा रहेका पुरातात्विक तथा पर्यटकीय स्थलहरूको जीर्णोद्धार गर्नुको साथै आवश्यक पूर्वाधार निर्माण गरी पर्यटन क्षेत्रको रूपमा विकास गर्न गुरु योजना बनाई काम सुरु गर्ने ।
- पशुपति, जनकपुर र लुम्बिनीलाई धार्मिक पर्यटकीय स्थलको रूपमा विकास गर्ने ।
- भूकम्पबाट क्षति भएको नेपाः उपत्यकाका सांस्कृतिक सम्पदाहरू सबै २ वर्षभित्र पुनर्निमाण गर्ने ।उपत्यकाका प्राचीन वस्तीहरूलाई नमूना सम्पदा शहरको रूपमा विकास गर्ने ।
- जैविक विविधता र पहिचानमा आधारित पर्यटनको विकास गर्ने । होमस्टेलाई प्रोत्साहित गर्ने ।
- साहसिक पर्यटन, शिक्षा, स्वास्थ्य, सभा सम्मेलन र खेलकुदलाई पर्यटनको क्षेत्र बनाउन ठोस योजनाका साथ काम शुरू गर्ने ।
- पर्यटन व्यवसायका लागि दक्ष जनशक्ति निर्माण गर्ने । नीजि क्षेत्र तथा विदेशी लगानीलाई आकर्षित गर्ने ।
- धरान-तुम्लीङ-साल्पा पोखरी हुँदै नाम्चे जाने तेन्जिङ शेर्पा हिलारी ट्रेकिङ रुटलाई ट्रेकिङ ट्रेलको रूपमा विकास गर्नुका साथैहिमाली क्षेत्रमा नयाँ पर्यटकीय स्थलहरूको खोजी गरी नयाँ ट्रेकिङ रुटहरू बनाउने ।
- हिमतालहरू फुट्ने सम्भावीत स्थल पहिचान गर्ने र प्रभावीत हुने ठाउँहरूमा सूचना केन्द्र स्थापित गर्ने ।

## ७. शिक्षा

- मुलुकको सङ्घीय ढाँचाअनुरूप शिक्षा पद्धतिको तर्जुमा र विकास गर्न उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन गर्ने । वैज्ञानिक शिक्षाप्रणाली लागू गर्ने ।
- शिक्षा लिन पाउने मानिसको नैसर्गिक अधिकार हो भन्ने विश्वव्यापी मान्यतालाई

अङ्गीकार गरी ५ वर्षभित्र राज्यले शिक्षा क्षेत्रको लगानीमा शत प्रतिशत बृद्धि गर्ने ।

- शिक्षालाई सर्वसुलभ, सर्वव्यापक र सूचना प्रविधियुक्त बनाउन राज्यबाट यसका सम्पूर्ण अभिभारा वहन गर्ने । शिक्षाको गुणस्तर बढाउन सामुदायिक स्कूलहरूलाई अनुदान दिने ।
- केन्द्रिकृत राज्यको परिणाम स्वरूप राजधानीमा केन्द्रित शिक्षाको अवसरलाई नेपाः उपत्यका बाहिर गुणस्तरीय विश्वविद्यालय तथा विद्यालयहरू खोल्ने सामुदायिक संस्थाहरूलाई  अनुदानका अलावा विशेष सहुलियत दिने ।
- तीन वर्षभित्र निरक्षरता उन्मूलन गर्ने गरी मातृभाषामा राष्ट्रिय साक्षरता अभियान सञ्चालन गर्ने । साक्षर प्रौढहरूलाई पुनः निरक्षरमा परिणत हुन नदिन बाँकी दुई वर्ष उत्तर साक्षरता अभियान चलाउने ।
- माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क र उच्च माध्यमिक तहसम्मको शिक्षा निःशुल्क बनाउने ।
- उच्च शिक्षालाई सुलभ एवम् गुणस्तरीय बनाउने । उच्च शिक्षालाई आवश्यक प्राविधिक र प्राज्ञिक जनशक्ति उत्पादनको हिसाबले सञ्चालन गर्नुका साथै शिक्षित बेरोजगार उत्पादन नहोस भन्नाका लागि रोजगारमूलक र व्यावसायिक शिक्षामा जोड दिने ।
- सङ्घ स्तरमा समयानुकल विविध विधाका विश्वविद्यालयहरू तथा इ-लाइब्रेरी स्थापना गर्ने । विश्वविद्यालयलाई अनुसन्धानको केन्द्रको रूपमा विकास गर्ने ।
- शिक्षित व्यक्तिहरूका लागि रोजगारीको व्यवस्था गर्ने, रोजगारी दिन नसके बेरोजगार भत्ता दिने ।
- योग्य र शिक्षित नागरिक निर्माण गर्न राज्यले मातृभाषामा शिक्षा दिने, अध्ययन-अध्यापन गराउने तथा पाठ्यपुस्तकहरू तयार गर्ने ।
- शिक्षा क्षेत्रमा देखिएका निजीकरण र व्यापारीकरणका कारण वर्गीय रूपमा शैक्षिक अवसर र स्तरमा देखिएको ठूलो अन्तरलाई अन्त्य गर्न राज्यले विशेष भूमिका खेल्ने ।
- सूचना प्रविधि साक्षरताका लागि सूचना प्रविधि प्रौढ कक्षाहरू सञ्चालन गर्ने तथा त्यसमा अध्ययन गर्ने व्यक्तिहरूलाई ल्यापटप उपलब्ध गराउने ।
- विभिन्न कारणले औपचारिक शिक्षाबाट वञ्चित भएका व्यक्तिहरूका लागि खुला विद्यालय र विश्वविद्यालयको विकास गर्ने । शिक्षामा छात्राहरूलाई प्रोत्साहित गर्न तहगत आधारमा प्रोत्साहन भत्ता दिने ।
- शिक्षक व्यवस्थापनलाई प्रभावकारी र सुदृढ बनाउन शिक्षा सेवा आयोगलाई सुदृढ गर्ने ।

### ८. स्वास्थ्य

- मुलुकको सङ्घीय ढाँचाअनुरूप स्वास्थ्य नीति तर्जुमा गर्ने । सबैका लागि स्वास्थ्यको अवधारणालाई अघि बढाउने ।
- स्वास्थ्यको अधिकारलाई मौलिक हकको रूपमा प्रयोग गर्नुका लागि राज्यले स्वास्थ्य बीमाको माध्यमबाट जनतालाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने ।
- केन्द्रिकृत राज्यको परिणाम स्वरूप राजधानीमा केन्द्रित स्वास्थ्य सेवालाई गाउँ गाउँ

पुऱ्याउन नेपाः उपत्यका बाहिर मेडीकल कलेज र अस्पताल खोल्ने सामुदायिक संस्थाहरूलाई विशेष सुविधा उपलब्ध गराउने ।

- जेष्ठ नागरिक, एकल महिला, बालबालिका र अपाङ्गहरूका लागि सबै रोगको निःशुल्क उपचार सेवा उपलब्ध गराउने ।
- न्यून आय भएका जनताको मुटु रोग, मधुमेह, क्यान्सर, मस्तिष्क र मृगौला सम्बन्धी जटिल रोगहरूको उपचारका लागि राज्यले दिंदै आएको सहयोगलाई शत प्रतिशत वृद्धि गर्ने । मृगौला प्रत्यारोपण निशुल्क रूपमा गर्ने व्यवस्था गर्ने ।
- ग्रामीण क्षेत्रमा आकस्मिक दुर्घट्ना, वाढी पहिरो, प्राकृतिक प्रकोप जस्ता विपतको बेला सेवा प्रदान गर्न एयर एम्बुलेन्सको व्यवस्था गर्ने ।
- जडीबुटी प्रशोधन नगरी निकासी गर्ने कार्य बन्द गर्ने । जडीबुटी प्रशाोधनको संस्थागत विकास गर्दै आयुर्वेद शिक्षा र अनुसन्धानमा जोड दिने ।
- परम्परागत वैकल्पिक उपचार पद्धति, आम्ची उपचार पद्धति, होमियोप्याथी आदिलाई आधुनिक चिकित्सा पद्धतिसँग एकीकृत गर्ने । योग विज्ञान र प्राकृतिक चिकित्सा विकासका लागि पूर्वाधार निर्माण गर्ने ।
- स्वास्थ्य क्षेत्रमा विद्युतीय प्रविधिको प्रयोगलाई विशेष महत्त्व दिने ।
- नेपाल पक्ष भएका स्वास्थ्य र वातावरणसम्बन्धी महासन्धिहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

## ९. प्राकृतिक स्रोत तथा वन व्यवस्थापन

- नेपालका सबै प्राकृतिक स्रोत साधनहरू, जल, जमिन, जङ्गल, जडिबुटी र खनिजहरू नेपाल र नेपालीको सार्वजनिक सम्पत्तिको रूपमा विकास गर्ने ।
- पर्यावरणमा समस्या उत्पन्न हुने गरी मुनाफाका लागि प्राकृतिक स्रोत साधनको दोहन हुन नदिने । जनताको पर्यावरणीय अधिकार तथा जैविक विविधता संरक्षण गर्ने ।
- प्राकृतिक स्रोत साधनको दीगो उपयोगका लागि नेपालका सम्पदामा नेपालको प्याटेण्ट राइट्स कायम गर्ने ।
- ठूला नदीहरूको प्रयोगमा बहुउद्देश्यीय र एकिकृत विकासको नीति लागू गर्ने । विद्युत, सिंचाइ, खानेपानी, माच्छा पालन, पर्यटकीय उपयोग, जलमार्ग, नदी नियन्त्रण र पर्यावरणीय सन्तुलनको कामलाई एकिकृत रूपमा अगाडि बढाउने ।
- सरकारी, सामुदायिक तथा निजी वनसँग सम्बन्धित नीतिमा सुधार गरी वन सम्पदाको व्यवसायिक विकास र उपयोग गर्ने ।
- नदी किनारमा हुने वाढी पहिरो नियन्त्रणका लागि सजगता अपनाउन आवश्यक उपकरणको व्यवस्था गर्ने ।
- तराई मधेसलाई मरुभूमिकरणबाट जोगाउन चुरे संरक्षण कार्यक्रम सञ्चालन गर्ने तथा संरक्षित बन क्षेत्र विकास गर्ने ।
- कुनै पनि परियोजना सञ्चालन गर्दा आइएलओ अभिसन्धि १६९ अनुसार जनतालाई पूर्व सुसूचित मञ्जुरीको हक प्रदान गर्नुका साथै परम्परागत पेसा वा व्यवसायमा आश्रित व्यक्ति, परिवार वा आदिवासी समुदायको जीविकोपार्जन र जीवनशैलीमा आँच नपुग्ने वा विस्थापित नहुने गरी व्यवस्था मिलाउने ।

- बढ्दो पृथ्वीको तापमान तथा जलवायु परिवर्तनको कारण जनताको जीवनमा पर्ने असर र खतराहरूलाई न्युनिकरण गर्नका लागि अन्तर्राष्ट्रिय क्षेत्रहरूसँग सहकार्य गर्ने ।

## १०. गरिवी निवारण तथा सहकारी

- देशका गरिव तथा विपन्न वर्गको जीवनस्तरमा सुधार ल्याउन तथा उनीहरूको सशक्तिकरण गर्न गरिवी निवारण कोषको रकममा शत प्रतिशत वृद्धि गर्ने ।
- गरिवीको रेखामुनि रहेका जनतालाई परिचयपत्र प्रदान गरी खाद्य, शिक्षा, स्वास्थ्य, सीप विकास र रोजगारीको कार्यक्रम बनाउने ।
- भूमिहीन, सुकुम्वासी, सहरिया गरिव, मुक्त कमैया अल्पसङ्ख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदायका लागि तिनीहरूको थातथलोमा घडेरी उपलब्ध गराउनुका साथै बजारमुखी सामूहिक उत्पादन मार्फत स्वरोजगार र स्वावलम्बी बनाउने ।
- सहकारी अभियानलाई प्रोत्साहित गर्ने । सहकारीमा हुने बेथीति र वित्तीय अपराधको निगरानी र त्यसको अन्त्यका लागि प्रभावकारी अनुगमन र दण्डको ब्यवस्था गर्ने ।
लोपोन्मुख समुदायका लागि तिनीहरूको थातथलोमा घडेरी उपलब्ध गराउनुका साथै बजारमुखी सामूहिक उत्पादन मार्फत स्वरोजगार र स्वावलम्बी बनाउने ।
- सहकारी अभियानलाई प्रोत्साहित गर्ने । सहकारीमा हुने बेथीति र वित्तीय अपराधको निगरानी र त्यसको अन्त्यका लागि प्रभावकारी अनुगमन र दण्डको ब्यवस्था गर्ने ।
- श्रमजीवि जनताको उत्थान, गरिवी निवारण, रोजगारीको सिर्जनाका निम्ति सहकारीलाई प्रभावकारी माध्यमको रूपमा अगाडि बढाउने ।
- उत्पादन वृद्धि र उत्पादनका साधनमाथिको समाजिकीकरणका लागि सहकारी अभियानलाई महत्त्वपूर्ण माध्यमको रूपमा विकसित गर्ने ।
- सहकारीको प्रकृति हेरी नमूना काम गर्ने सहकारीलाई पुरस्कारको व्यवस्था गर्ने तथा समाज कल्याणको काममा लागेका सहकारीहरूलाई आवश्यक कर छुट दिने ।

## ११. यातायात

- यातायात क्षेत्रको एकीकृत विकासका लागि स्थल, जल, हवाई, रेल र केवुल कार सेवाको एकीकृत योजना निर्माण गर्ने ।
- सार्वजनिक यातायात सेवालाई सुदृढ र व्यवस्थित गर्ने । सडकहरूको गुणस्तर बृद्धि गरी यातायात व्यवस्थालाई सुदृढ र विस्तारित गर्ने ।
- वर्तमान पूर्व पश्चिम लोकमार्ग तथा काठमाडौंको रिङरोडलाई ५ वर्षभित्र साइकल लेनको समेत व्यवस्था गरी ८ लेन बनाउने ।
- पुस्पलाल मध्य पहाडी लोकमार्ग, हुलाकी सडक र उत्तर दक्षिण मार्गहरूको निर्माण कार्यलाई उच्च प्राथमिकतामा राख्ने । भित्री मधेस कोरीडरको धरान हेटौंडा लोकमार्गलाई पाल्पाको रामपुरसम्म विस्तार गर्ने ।
- ताप्लेजुङदेखि दार्चुलासम्म हिमाली क्षेत्रको मुल वस्तीलाई जोड्ने गरी हिमाली लोकमार्गको सम्भाव्यता अध्ययन गर्ने ।
- नदी किनारका उपत्यका र नजिकमा पुराना वस्तीहरूलाई आधुनिक सहरको रूपमा विकास गर्न नदीप्रणालीमा आधारित लोकमार्गहरूको निर्माण र विस्तार गर्ने र पहाडी वस्तीहरूमा केवुल कारको विकास गर्ने ।

- राजधानीलाई तराइ/मधेससँग जोड्ने तिव्रगतिको बाटोका सन्दर्भमा विस्थापित जनतालाई पुनर्स्थापन तथा न्यायोचित मुआब्जाको व्यवस्था गरी ५ वर्षभित्र निर्माण सम्पन्न गर्ने ।
- गैरन्यायिक सडक विस्तारबाट पीडित जनतालाई पुनःस्थापित गर्ने । सडक विस्तार गर्दा जनताको घरजग्गा अधिकरण गर्नु परेमा सम्बन्धित सरोकारवालाहरूलाई न्यायोचित मुआब्जासहित विकल्पको व्यवस्था गर्ने । ऐतिहासिक सहर बस्तीहरूलाई बाइपास सडक निर्माण गरी संरक्षण गर्ने ।
- सवारी साधन चलाउँदा दुर्घट्नाका नाममा हुने हत्यालाई निरुत्साहित गर्न यस सम्बन्धी ऐनलाई संशोधन गर्ने र मृतकलाई क्षतिपूर्ति रकम वृद्धि गरी दोषीलाई कडा कारवाहीको व्यवस्था गर्ने ।
- चीनसँग जोडिएका केरुङ नाकाबाट भारत जोड्ने उत्तर दक्षिण रेल मार्ग तथा देशको पश्चिमी भेगमा भारत-चीनसँग व्यापारिक सम्बन्ध जोड्ने मुस्ताङ र डोल्पा नाकासम्म लोकमार्ग निर्माण गर्ने ।
- प्रस्तावित पूर्व पश्चिम रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गरी ५ वर्षभित्र काम अगाडि बढाउने । काठमाडौंका चन्द्रागिरिदेखि धुलिखेलसम्मका आसपासका नगरपालिकाहरूलाई समेटी मेट्रो रेल वा अन्य उपयुक्त बैकल्पीक यातायातको एकीकृत सञ्जाल विकास गर्ने ।
- उर्जामा आत्मनिर्भरतासँगै छानिएका सहरहरूमा हाइब्रिड सवारी साधन मात्र चल्ने व्यवस्था गर्ने ।
- देशको पूर्व पश्चिमका खासखास क्षेत्रमा अन्तर्राष्ट्रिय हवाई सेवा विकसित गर्ने योजनाका साथ नीजगढ (टाँगीया वस्ति) र भैरहवा विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गर्ने ।
- पोखरा, विराटनगर, जनकपुर, नेपालगञ्ज, सुर्खेत र धनगढी विमानस्थललाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विकास गर्ने ।

## १२. सहरी विकास

- सङ्घीय व्यवस्थाको मान्यताअनुरूप व्यवस्थित सहरीकरणको योजना निर्माण गर्ने । बैज्ञानिक भू-उपयोग नीतिका आधारमा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने ।
- कृषिका लागि उपयोगी भूमिमा सहरीकरण गर्ने कामलाई निरुत्साहित गर्ने ।
- सांस्कृतिक सम्पदामा प्रतिकूल असर नपर्ने गरी मौजुदा सहरहरूमा सडक, सञ्चार, विजुली, खानेपानी, खाद्यसामाग्री आदीको गुणस्तर विकास गर्ने । सहरी बिकाससँगै दमकल तथा आवश्यक आधुनिक उपकरणहरूको व्यवस्था गरी सहरी सुरक्षाको व्यवस्था गर्ने ।
- नेपाः उपत्यका र तराइ मधेसमा पर्यावरणीय समस्या तथा बढ्दो जनसङ्ख्याको चापलाई नियन्त्रण गर्न पहाडमा निर्माणाधिन सहरहरूलाई वातावरण मैत्री तथा प्रविधीयुक्त बनाउनुका साथै त्यहाँ आवास र सहरी सुविधाहरूको प्रबन्ध गर्ने र उपत्यका बाहिर स्याटलाइट सिटीहरू निर्माण गर्ने ।

- देशको सडक सञ्जालमा जोडिएका नयाँ सहरहरू तथा सहरोन्मुख वस्तीहरूमध्ये उपयुक्त केही सहरहरूको छनौट गरी सुविधा सम्पन्न, व्यवस्थित र आकर्षक सहर निर्माण गर्ने । देशको मध्यभागमा रहेको नवलपुर-रामपुर क्षेत्रमा अत्याधुनिक हाइटेक सिटी निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने ।
- विकासको पूर्वाधारहरू पुऱ्याउन सजिलो होस भन्नाका लागि असुरक्षित र छरिएर रहेका ग्रामिण वस्तीहरू सुरक्षित र सुविधासम्पन्न स्थानमा सर्ने वातावरण निर्माण गर्न पर्ति वा खाली जग्गा रहेको स्थानमा व्यवस्थित सहरीकरण र बसोबासको योजना बनाउने ।
- भूकम्पीय जोखिमयुक्त सहरहरूमा हाइरेज एपार्टमेण्टहरू निर्माण गर्न रोक लगाउने ।
- ग्रामिण क्षेत्रमा खानेपानी, सडक, ढल निकास, विद्युत, स्वास्थ्यकेन्द्र आदीको सुविधा पुऱ्याउने काममा तिब्रता दिने ।

## १३. सूचना तथा सञ्चार

- मुलुकको सङ्घीय ढाँचाअनुरूप राष्ट्रिय सञ्चारप्रणालीको विकास र विस्तार गर्न ठोस नीति र कार्यक्रम तय गर्ने ।
- सञ्चार क्षेत्रमा नीजि र सामुदायिक क्षेत्रको संलग्नतालाई बढावा दिने ।
- प्रकाशन र छापाहरूलाई जनता र राष्ट्रप्रति जिम्मेवार बनाउनको साथै तिनीहरूको स्वतन्त्रताको प्रत्यभूति गर्ने ।
- रेडियो, टिभी, एफएम, टेलीफोन, ईन्टरनेट, मोवाईल जस्ता विद्युतीय प्रविधिको गुणस्तरमा सुधार गर्न प्राथमिकता दिने। तिनीहरूलाई देशका सबै भूभाग तथा आम जनताको पहुँचमा पुऱ्याउने ।
- विमानस्थल, अस्पताल, विद्यालय, प्रशासनिक केन्द्र, सभा भवन आदि स्थानहरूमा फ्रि वाइफाइ सुविधा उपलब्ध गराउने ।
- जनताको सूचनाको हकको ग्यारेण्टी गर्ने, प्रेस स्वतन्त्रता प्रदान गर्ने र पीत पत्राकारीतालाई निरूत्साहित गर्ने ।
- श्रमजीवि पत्रकार ऐनलाई प्रभावकारी कार्यान्वयन गर्ने । स्वतन्त्र र निष्पक्ष प्रेसको विकासमा सहयोग गर्ने ।
- देशमा विद्यमान वहुल संस्कृतिको प्रवर्द्धन गर्न मातृभाषामा प्रचार प्रसार गर्ने ।
- चलचित्र उद्योगको विकास र संवर्द्धन गर्न समयानुकूल राष्ट्रिय चलचित्र नीति निर्माण गर्ने । मातृभाषाहरूमा बनाइने चलचित्रहरूका लागि विशेष सहुलियत दिने ।

## १४. श्रम तथा रोजगारी

- विकासका सबै क्षेत्रहरूको मुख्य उद्देश्य मानव विकास र त्यसको मुख्य आधार श्रम नै भएकाले श्रम-संस्कृतिलाई प्रोत्साहित गर्ने ।
- नागरिकहरूलाई गाँस, बास र कपासको व्यवस्था गर्न एक परिवार एक रोजगारको नीति अबलम्बन गर्ने । देशको युवा श्रम शक्ति रोजगारीका लागि विदेश पलायन हुनुपर्ने स्थितिको अन्त्य गर्न देशभित्र उत्पादनका कृयाकलापहरू वृद्धि गर्ने ।
- देशभित्रै रोजगारी सिर्जना गर्नका लागि सहरी क्षेत्रमा रोजगार बैङ्कको स्थापना र शिक्षित बेरोजगारहरूलाई शैक्षिक प्रमाणपत्र धितो राखी स्वरोजगार व्यवसाय गर्न प्रोत्साहित

गर्ने ।

- श्रम आयोग निर्माण गरी श्रम नीति तर्जुमा, कार्यान्वयन र कार्यथलोको अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था गर्ने । श्रम क्षेत्रमा कार्यरत सम्पूर्ण श्रमजीवीहरूको पञ्जीकरणको व्यवस्था गर्ने ।
- सबै श्रमजीवीहरूलाई श्रम ऐनले तोके बमोजिम पारिश्रमिक र सेवा सुविधा उपलब्ध गराउने, यसको उल्लङ्घन दण्डनीय हुने व्यवस्था गर्ने ।
- ग्रामीण क्षेत्रमा उपभोक्ता, बचत तथा ऋण, उत्पादन आदि उद्देश्यले सहकारी संस्था खोलेर जनतालाई ग्रामीण स्वरोजगार कार्यक्रममा आबद्ध गर्ने ।
- राज्यले रोजगारी प्रदान नगरेसम्म बेरोजगार नागरिकलाई राज्यले बेरोजगार भत्ताको व्यवस्था गर्ने ।
- सीमान्तकृत तथा लोपोन्मुख समुदायहरूलाई रोजगारीको विशेष व्यवस्था गर्ने । तिनीहरूको परम्परागत पेसा वा व्यवसायको समयानुकुल आधुनिकरण गर्ने ।
- रोजगारीको क्षेत्रमा महिला-पुरुष बिचका भेदभावसहित हरेक किसिमका भेदभाव दण्डनीय हुने । रोजगारीमा रहेका महिलाहरूका लागि शिशु हेरचाह केन्द्रको व्यवस्था गर्ने ।
- वैदेशिक रोजगारीमा जाने श्रमजीवीहरूमाथि हुने अनियमितता र शोषणलाई समाप्त पार्न ती देशहरूमा श्रम सहचारीको व्यवस्था गरिनुको साथै राजदूतावासमा एउटा डेस्क राख्ने ।
- वैदेशिक रोजगारीमा हुने ठगीको नियन्त्रणका लागि बैदेशिक रोजगार कानुनमा सुधार गर्ने । वैदेशिक रोजगारीको सेवा तथा कानुनी उपचार कार्यालयहरू जिल्लास्तरमा स्थापना गर्ने ।
- नेपालीहरूलाई रोजगारीमा पठाइने देशहरूसँग श्रम सम्झौता गरी उनीहरूको हक हितको रक्षा गर्ने । विपन्न समुदायलाई वैदेशिक रोजगारीमा प्राथमिकता दिने ।
- देशको अर्थतन्त्रमा ठुलो योगदान पुऱ्याइ रहेका वैदशीक रोजगारीमा जानेहरूका लागि तालीम, सहजीकरण र सुरक्षाको व्यवस्था गर्ने ।
- वैदशीक रोजगारीबाट पुँजी र प्रविधिसहित फर्केका नेपालीहरूलाई देशभित्र व्यवसाय गर्न प्रोत्साहित गर्ने र प्राप्त विप्रेषणको रकमलाई देशको औद्योगिक विकासमा लगानी गर्ने ।

## १५. विज्ञान तथा प्रविधि

- आधुनिक विद्युतीय प्रविधिसँग राष्ट्रको विकास प्रक्रियालाई आबद्ध गर्न राष्ट्रिय नीति तर्जुमा गर्ने, त्यसका लागि राज्यले समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि, परम्परागत प्रविधिको आधुनिकीकरण र क्षमता अभिवृद्धि गर्न विशेष पहल गर्ने ।
- मानव जीवन सहज र उत्पादनमुखी बनाउन विज्ञान र प्रविधिको अध्ययन र अनुसन्धानलाई उच्च महत्त्व दिने । यस सम्बन्धी शिक्षालाई विद्यालयदेखि विश्वविद्यालयसम्म विशेष प्राथमिकता दिने ।
- मुलुकको सामाजिक आर्थिक रूपान्तरण र आधुनिकीकरणका लागि विज्ञान-प्रविधिको अधिकतम उपयोग गर्ने ।

- कम्प्युटर प्रविधिलाई गाउँ गाउँमा विस्तारित गर्ने ।
- विज्ञान प्रविधि प्रज्ञा-प्रतिष्ठानलाई साधन सम्पन्न बनाउने, देशबाट वैज्ञानिक तथा प्राविधिक क्षेत्रका प्रतिभा पलायन रोक्न देशभित्रै अवसरको सिर्जना गर्ने ।

## ७.३. सामाजिक नीति तथा कार्यक्रम

नेपाली समाजको बहुलतायुक्त चरित्रअनुरूप नेपालको सामाजिक विविधता प्रतिबिम्वित हुने गरी राज्यका समग्र संरचना र नीति निर्माण गरिने छ । सबै प्रकारका सामाजिक विभेद, छुवाछुत, जातीय असहिष्णुता, नश्लवाद, वर्णभेद र रङ्गभेदको अन्त्यका लागि सामाजिक आन्दोलनहरूको विकास गरिने छ । उचनीचपूर्ण वर्ण एवम् जात व्यवस्थामा आधारित सामाजिक सम्बन्धलाई विस्थापित गर्दै समतामूलक सामाजिक सम्बन्धको विकास गरिने छ । फरक क्षमता भएका व्यक्तिहरूप्रति समाजमा सम्मानभाव प्रवर्द्धन गरिने छ । गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी आदि जनताका मौलिक हक हुने छन् । यस्ता क्षेत्रहरूमा वहिस्करणमा परेका सबै समुदायहरूको पहुँच सुनिश्चित गरिने छ । काम गर्नुलाई सानो ठान्ने, हेलोहोचो गर्ने र काम ठग्नेलाई ठूलो, ठालु ठान्ने प्रचलनका विरुद्ध अभियान सञ्चालन गरिने छ । सादा जीवनलाई प्रोत्साहित गर्ने, श्रम संस्कृतिको निर्माण गर्ने, विलासी जीवन पद्धतिलाई निरुत्साहित गर्ने र उद्यमशीलता प्रवर्द्धन गर्ने नीति लिइने छ । प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हकलाई सुनिश्चित गर्दै अन्ध विश्वास, सामाजिक कुरीति, प्रथा, परम्परा वा प्रचलनको नाममा हुने शोषणबाट मुक्त गरिने छ । सामाजिक अपराधहरूको प्रभावकारी नियन्त्रण गरिने छ । यस सम्बन्धमा गरिने कामहरू यसप्रकार छन् -

### १. समाज कल्याण

- समाजका जेष्ठ नागरिक, असहाय, अशक्त, अपाङ्ग, एकल महिला तथा विपन्न व्यक्तिहरूलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउने ।
- सामाजिक सुरक्षा भत्ताको रूपमा दिइएको वृद्ध भत्ता, एकल महिला भत्ता, लोपोन्मुख समुदाय भत्ता, अस्पतालमा प्रसुति गर्दा दिइने सुत्केरी यातायात खर्च ५ वर्षभित्र शत प्रतिशत वृद्धि गर्ने ।
- समाजका जेष्ठ नागरिकहरूका लागि जेष्ठ नागरिक हेरचाह केन्द्र स्थापना गरी विशेष कल्याणकारी कार्यक्रमहरू सञ्चालन गर्ने । जेष्ठ नागरिकलाई यातायातमा ५० प्रतिशत छुटको व्यवस्था गर्ने ।
- मानव तस्करी तथा बेचबिखनको अपराधलाई कठोर रूपमा दण्डनीय बनाई कडाइका साथ नियन्त्रण गर्ने ।
- प्रत्येक अशक्त, अपाङ्ग व्यक्तिलाई शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र रोजगारीको व्यवस्था गर्ने ।
- राज्यका संरचनाहरूको निर्माणलाई अपाङ्ग मैत्री बनाइने । बहिराहरूका लागि सम्बन्धित निकायहरूमा दोभाषेको व्यवस्था गर्ने । साङ्केतिक भाषा, स्पर्श भाषा, ब्रेल लिपीलाई राज्यद्धारा मान्यता प्रदान गर्ने ।
- अल्पसङ्ख्यक, सीमान्तकृत र लोपोन्मुख समुदायका परम्परागत सीप उजागर हुन विशेष संरक्षणको कार्यक्रम ल्याउने, तिनीहरूको थात थलोको सुरक्षा गर्ने ।

- असहायलाई निःशुल्क न्याय प्रदान गर्ने परिपाटीलाई प्रभावकारी बनाउने ।
- भुकम्प पीडितहरूका लागि सरकारबाट घोपित अनुदान रकम बृद्धि गर्नुका साथै सहजतापूर्वक पाउने वातावरण सृजना गर्ने ।

## २. महिला, बालबालिका तथा यौनिक अल्पसङ्ख्यक

- महिला विरुद्धका सम्पूर्ण विभेदकारी कानुन, पितृसत्तात्मक परम्परागत मान्यता र व्यवहारको अन्त्य गरी लैङ्गिक समतामूलक समाज स्थापना गर्ने । उपयुक्त प्रणाली विकास गरी महिलालाई संसदीय निर्वाचन क्षेत्र आरक्षणका साथै सबै क्षेत्रमा समान अधिकार दिने ।
- यौनिक अल्पसङ्ख्यकका लागि लैङ्गिक पहिचानसहितको नागरिक अधिकार सुनिश्चित गर्ने । यौनिक अल्पसङ्ख्यकप्रति रहेका पूर्वाग्रह र भेदभाव अन्त्य गर्ने तथा शिक्षा, स्वास्थ्य र रोजगारीमा आरक्षणको व्यवस्था गर्ने ।
- महिला तथा यौनिक अल्पसङ्ख्यक उपर हुने सबै प्रकारका हिंसा, शोषण र उत्पीडनको विरुद्ध शुन्य सहनशीलताको नीति लिने ।
- कमलरी, देउकी, झुमा, छाउपडी, वादी आदि कुप्रथालाई अन्त्य गर्ने ।
- महिलाहरूका लागि प्रसुति सेवा तथा मातृशिशु स्वास्थ्य निशुल्क उपलब्ध गराउने । आमा र शिशुको जीवन रक्षाको निम्ति मातृशिशु स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गर्ने ।
- महिला स्वास्थ्य स्वयंसेवीलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने ।
- महिलालाई प्रजननको हक तथा बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने, प्रत्येक बालबालिकालाई पालन पोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्ने ।
- बालबालिकाहरूको बालापनको संरक्षण गर्न बाल विकास केन्द्रहरूको स्थापना गर्नुका साथै बालबालिकाको शारीरिक र मानसिक विकासका लागि पोषण र मातृत्वसहितका बाल-केन्द्रित कार्यक्रम सञ्चालन गर्ने ।
- १६ वर्ष उमेर पुरा नभएका केटाकेटीलाई रोजगारमूलक कार्यमा लगाउन नपाउने । १८ वर्ष उमेर पुरा नभएका कुनै पनि बालबालिकालाई कारखाना, खानी वा जोखिमपूर्ण काम वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाउने ।
- हरेक प्रकारका बाल श्रमलगायत बालबालिकाहरूको शारिरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण दण्डनीय हुने र पीडित बालबालिकालाई क्षतिपूर्ति दिने ।
- असहाय, अनाथ, सुस्त मनस्थिति, जोखिममा परेका वा अन्य यस्तै अवस्थामा रहेका बालबालिकालाई राज्यबाट विशेष सुविधाको व्यवस्था गर्ने ।

## ३. युवा तथा खेलकूद

- राष्ट्रिय युवा नीति तर्जुमा गरी मुलुकको समृद्धि र विकासका उत्पादनशिल क्षेत्रहरूमा युवा सहभागितालाई अभिवृद्धि गर्ने ।
- युवाको अधिकार शिक्षा र रोजगारको अवधारणालाई व्यवहारिक रूप दिने । ऊर्जाशिल युवा जनशक्तिलाई विदेश पलायन हुनबाट जोगाउने ।
- सामाजिक विकृति र विसङ्गतिका विरुद्ध युवा जनशक्ति परिचालन गर्दै समाजको

विभिन्न क्षेत्रमा युवा नेतृत्व स्थापित गर्ने ।

- युवा दुर्व्यसन, कुलत आदिको अन्त्यका लागि राज्यले विशेष कार्यक्रम सञ्चालन गर्ने । दुर्व्यसनलाई नियन्त्रण गर्न लागू औषधका कारोवार गर्नेहरूलाई कडा सजाय र दुर्व्यसनीहरूलाई उपचार र रोजगारको व्यवस्था गरी पुनः स्थापन गर्ने ।
- युवा बेरोजगार अन्त्यका लागि खास खास युवा समूहलाई लक्षित गरी देशका विभिन्न भागहरूमा आर्थिक क्रियाकलापहरू बढाउने नीति लिने ।
- खेलकुदलाई व्यवसायिकीकरण गर्दै त्यसलाई उद्योगको रूपमा विकास गर्ने, नेपालमा अन्तर्राष्ट्रिय स्तरको खेलकुद आयोजना गर्न सकिने गरी पूर्वाधार निर्माण तथा खेलकुद पर्यटनको विकास गर्ने ।
- खेलकुद विकासका लागि विद्यालय तहदेखि नै प्रशिक्षण र प्रतिस्पर्धाको वातावरण बनाउने र खेलाडीहरूका लागि उच्चभौगोलिक धरातलमा प्रशिक्षण दिने व्यवस्था गर्ने
- प्रत्येक प्रदेशमा एउटा अत्याधुनिक खेलग्राम निर्माण गर्ने ।

## ७.४. सांस्कृतिक रूपान्तरणको नीति

हजारौँ वर्षको सङ्घर्ष र संश्रयबाट निर्माण भएको नेपालको संस्कृति विविधतायुक्त रहेको छ । यसको संरक्षण, सम्बर्द्धन र प्रगतिशील रूपान्तरणका लागि सांस्कृतिक क्षेत्रमा परम्परागत एकल संस्कृतिको प्रभुत्व समाप्त गरी बहुसंस्कृतिवादको मान्यताअनुरूप राष्ट्रिय, लोकतान्त्रिक र वैज्ञानिक संस्कृतिको प्रवर्द्धन गरिने छ । मुलुकको जातीय, भाषिक, सांस्कृतिक, धार्मिक र जैविक विविधताको जगेर्ना गरिने छ । राज्यले कुनै पनि व्यक्तिलाई जाति, भाषा, धर्म, संस्कृति, परम्परा, रङ्ग, वर्ण र लिङ्गको आधारमा कुनै पनि प्रकारको विभेद गर्ने छैन । धर्मनिरपेक्ष नेपालको सबै धर्म संस्कृतिलाई समान व्यवहार गर्ने छ । सबै सुमदायको मानवीय स्वतन्त्रता र आत्म सम्मानको रक्षा गर्ने छ । सांस्कृतिक रूपान्तरण गर्दा रुढीवादी, अन्धविश्वास, अश्लील र छाडा संस्कृतिको मात्र होइन आधुनिकताको नाममा उपयोगितावादी, उपभोगवादी जीवनप्रणालीलाई पनि निरुत्साहित गर्ने छ । युग सुहाउँदो ज्ञान, विज्ञान, अनुसन्धान, आविष्कारलाई प्रोत्साहितगरिने छ ।यस सम्बन्धमा गरिने कामहरू निम्नानुसार हुने छन् -

- सङ्घीयता र बहुसंस्कृतिवादको मर्मअनुरूप जाति, भाषा, धर्म तथा संस्कृतिको क्षेत्रमा रहेका सम्पूर्ण भेदभावहरूको अन्त्य गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक समुदायको भाषा, लिपी, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण, संवर्द्धन र उपयोग गर्ने ।
- धर्मनिरपेक्षता कानुन तर्जुमा गर्ने । परम्परागत धर्म, वर्णाश्रम र विधिशास्त्रमा आधारित विभेदजन्य कानुनहरू संशोधन गर्ने ।
- हिन्दु, बौद्ध, किरात र प्राकृत धर्मसँगै अन्य धार्मिक अल्पसङ्ख्यक इस्लाम, क्रिश्चियन, शिख, जैन, बोन, वहाइ लगायतका धार्मिक समुदायका आस्थाहरूलाई राज्यले सम्मान र संरक्षण गर्नुका साथै एक आपसमा सहअस्तित्वको नीति लिने छ ।
- समाजमा प्रचलित सामन्ती दासतापूर्ण संस्कृति तथा बाह्य जगतबाट आयातित विकारयुक्त, अश्लिल, छाडा, उपभोक्तावादी संस्कृतिलाई निरुत्साहित गर्ने र नयाँ लोकतान्त्रिक कला, साहित्य र संस्कृतिको विकासलाई प्रोत्साहित गर्ने ।

- विभिन्न समुदायका राष्ट्रिय महत्त्वका कला, संस्कृति, सम्पदा र परम्परालाई अगाडि बढाउन र त्यसलाई समयानुसार नवीकरण गर्न आवश्यक सहयोग गर्ने ।
- मुलुकको बहुराष्ट्रिय र बहुभाषिक चरित्र रक्षा गर्न राज्यका सबै अङ्गहरूमा बहुभाषिक नीति अवलम्बन गर्ने । कार्यालय, शिक्षा र सञ्चारमा मातृभाषाहरूको प्रयोगका लागि उपयुक्त व्यवस्था मिलाउने ।
- प्रत्येक भाषाको साहित्य, वाङमय र लिपिको विकास, संरक्षण, संवर्द्धन र प्रयोगको निमित्त विशेष नीति अपनाउने । मातृभाषाहरूको विकासका लागि अलग्गै भाषा प्रज्ञा प्रतिष्ठान स्थापना गर्ने ।
- विभिन्न समुदायले आफ्नो जीवनमा अपनाई रहेको मानव उपयोगी रीतिथिति, संस्कृति, परम्परा र भावना तथा आदर्शलाई मानवीय सम्पतिको रूपमा जगेर्ना गर्न राज्यले आवश्यक सहयोग गर्ने ।
- नेपाल प्रज्ञा प्रतिष्ठानलाई साधन स्रोत सम्पन्न बनाउने । अनुवादको माध्यमले अन्तर्देशीय र अन्तर्राष्ट्रिय वाङमय आदान-प्रदान गर्ने गराउने ।
- विभिन्न भाषाका कलाकर्मीहरू र स्रष्टाहरूलाई कला, साहित्य र संस्कृतिका विभिन्न आयामहरूको विकास र विस्तारका लागि राज्यले नियमित कोषको व्यवस्था गर्ने ।
- साहित्यकार र कलाकर्मीहरूलाई राज्यले विना भेदभाव सम्मान गर्ने । सबै प्रकारका बौद्धिक सिर्जनाहरूमा बौद्धिक सम्पदा अधिकार सुनिश्चित हुने व्यवस्था गर्ने ।
- विश्व सांस्कृतिक सम्पदाको सूचीमा सूचीकृत सम्पदाहरूको प्रचार-प्रसार र संरक्षण-संवर्द्धन गर्नुका साथै पुरातात्विक र ऐतिहासिक महत्त्वका वस्तुहरूको संरक्षण तथा सांस्कृतिक क्षेत्रका विविध विषयको अनुसन्धानमा ध्यान दिने ।

## ७.५. राष्ट्रिय सुरक्षा तथा सार्वजनिक प्रशासन

नेपालको राष्ट्रिय सुरक्षा र सार्वजनिक प्रशासनलाई पूर्ण रूपले लोकतान्त्रिकरण, व्यवसायीकरण र निश्पक्ष बनाइने छ । देशको सार्वभौमसत्ता, भूअखण्डता र जनताको जीऊधनको रक्षाको पूर्ण प्रत्याभूति हुने किसिमको राष्ट्रिय सुरक्षा नीति तय गरिने छ । राष्ट्रिय सुरक्षाको जिम्मा सुरक्षा फौजको मात्र नभई सम्पूर्ण नागरिको हो भन्ने मान्यतालाई स्थापित गरिने छ । सुरक्षा निकाय तथा देशको कर्मचारीतन्त्रलाई समानुपातिक समावेशी बनाइने छ। कर्मचारीतन्त्रलाई स्वच्छ र पारदर्शी बनाउन भ्रष्टाचार नियन्त्रणका निकायहरूलाई साधन सम्पन्न र सक्षम बनाई कृयाशील बनाउने छ । सार्वजनिक प्रशासन तथा कर्मचारीतन्त्रमा श्रमको यथाशक्य सञ्चय गर्नु र बढीभन्दा बढी उपयोग गर्नु हाम्रो मुख्य नीति हुने छ । यसका लागि आधुनिक प्रविधिको अधिकतम प्रयोग गर्नु अपरिहार्य छ । यस क्षेत्रमा हाम्रा कामहरू यस प्रकार हुने छन् -

### १. नेपाली सेना र प्रहरी

- मुलुकको सुरक्षा अङ्ग तथा सार्वजनिक प्रशासनलाई सङ्घीयप्रणाली अनुरूप पुनर्गठन गर्ने ।
- सङ्घीय व्यवस्था र लोकतान्त्रिक मूल्य पद्धतिप्रति पूर्ण समर्पित हुने गरी नेपाली सेनाको लोकतान्त्रिकीकरण र व्यावसायिकीकरण गर्ने ।
- नेपाली सेनाको संरचनालाई समानुपातिक समावेशी बनाउने । सेनाको मनोबल उच्च

बनाउने,
- सेनालाई विभिन्न रचनात्मक काममा लगाउने ।
- जनता र प्रहरीबिचको सुसम्बन्ध स्थापित गर्न सामुदायिक प्रहरीको अवधारणा कार्यान्वयन गर्ने ।
- प्रहरी सेवालाई जनमुखी र दक्ष बनाउने । नेपाल प्रहरी र सशस्त्र प्रहरीको हक, हित र अधिकार रक्षाका लागि ठोस नीति ल्याउने ।

## २. कर्मचारीतन्त्र

- मुलुकको कर्मचारीतन्त्रलाई सङ्घीय ढाँचाअनुरूप पुनर्गठन गर्न प्रशासनिक पुनर्संरचना आयोगको प्रतिवेदनलाई सङ्घीयप्रणाली अनुरूप सुधार गरी कार्यान्वयन गर्ने ।
- कर्मचारीतन्त्रलाई १० वर्षभित्र समानुपातिक समावेशी बनाउने ।
- जाति, भाषा, धर्म, संस्कृति, वर्ण, लिङ्ग र क्षेत्रका आधारमा हुने रोजगारी, नियुक्ति, सरुवा, बढुवा, तालिम, ज्याला वा पारिश्रमिक आदिमा कुनै विभेद नगर्ने, त्यस्तो विभेद गरे-गराएको ठहरिएमा कानुनअनुसार दण्डित गर्ने ।
- सार्वजनिक प्रशासनका कार्यकारीहरू नियुक्तिको सिफारिसका लागि सार्वजनिक प्रशासन सुदृढीकरण आयोग बनाउने ।
- सार्वजनिक प्रशासनलाई पारदर्शिता र जवाफदेहिताको परिपाटी प्रभावकारी ढङ्गले कार्यान्वयन गर्दै राज्यका सेवा सुविधाहरू जनतालाई उपलब्ध गराउने, तोकिएको समयमा तोकिएको जिम्मेवारी पुरा नगर्ने माथि कडा कार्वाही गर्ने ।

## ३. भ्रष्टाचार निवारण तथा सुशासन

- सरकारी कारोवारसँग सम्बन्धित सबै सूचनाहरू इन्टरनेटको माध्यमबाट पाउने व्यवस्था गर्ने ।
- सुशासनयुक्त तथा भ्रष्टाचारमुक्त अर्थ व्यवस्था निर्माणका लागि सार्वजनिक तथा निजी क्षेत्रको आर्थिक कारोवारलाई बैंकिङप्रणाली मार्फत पारदर्शी तुल्याइने ।
- ठेक्का पट्टामा सबै क्षेत्रमा ई-बिडिङप्रणाली लागू गर्ने ।
- शान्ति सुरक्षालाई मजबुत बनाउने ।
- भ्रष्टाचारमा शून्यसहनशीलताको नीति लिने । गैर-कानुनी तरिकाबाट आर्जित सम्पत्ति जफत गर्ने र सो सम्पत्ति भूमिहिन तथा आवासहिन र श्रमजीवी नागरिकहरूका लागि भूमि र आवासको व्यवस्थामा खर्च गर्ने ।
- मुलुकको सार्वजनिक प्रशासनलाई चुस्त, दुरुस्त, गतिशील, जनमुखी र दक्ष बनाउने, जनतालाई असल शासनको अनुभूति दिलाउने र उत्तरदायित्वप्रणालीमा जोड दिने ।
- सबै सार्वजनिक खरिदका कामहरू अनलाइन मार्फत गर्ने र खरिदमा हुने भ्रष्टाचार नियन्त्रणका लागि सार्वजनिक खरिद ऐनलाई संशोधन गर्ने ।
- सार्वजनिक पदमा नियुक्ति गर्दा सम्बन्धित व्यक्तिको योग्यताको जाँचका साथै सार्वजनिक सुनुवाइको व्यवस्था गर्ने ।
- राजनीतिक दलहरू तथा कर्मचारीतन्त्रलाई स्वच्छ बनाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र जस्ता भ्रष्टाचार नियन्त्रणका निकायहरूलाई साधन सम्पन्न र सक्षम बनाउने ।

## ७.६. अन्तर्राष्ट्रिय सम्बन्ध तथा विविध नीति

हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धको मूल लक्ष्य देशको हित र आम जनताको समृद्धि हो । यसका लागि देशको राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितलाई विश्व समुदायका बिचमा स्थापित गर्नु, ठूला र साना देशहरूबिच पूर्ण समानाधिकार तथा एक अर्काको आान्तरिक मामिलामा अहस्तक्षेपको नीतिको पक्षपोषण गर्नु र आर्थिक कुटनीतिको माध्यमबाट राष्ट्रिय हितमा पुँजी र प्रविधी भित्राउनु हाम्रो नीति हुने छ । नेपालको हित अनुकूल नरहेका तथा विभेदपूर्ण सन्धि सम्झौताहरूको पुनरावलोकन गरी नेपाल र नेपालीको हित र स्वाभिमानअनुरूप वनाइने छ । संयुक्त राष्ट्रसङ्घद्वारा घोषित शान्तिपूर्ण सह अस्तित्वको पाँच सिद्धान्तअनुरूप सबै मुलुकहरूसँग मित्रता कायम गरिने छ । दुबै छिमेकी मुलुकहरूसँग हाम्रो सम्बन्ध पारस्परिक सम्मान, आपसी लाभ र अहस्तक्षेपको नीतिअनुरूप हुने छ । दुबैसँग मैत्रीपूर्ण र सम्मानजनक सम्बन्ध, लगानी, व्यापार विस्तार, उर्जा, पर्यटन, यातायात र सूचना सञ्जालका माध्यमबाट नेपालको विकास गर्ने नीति लिइने छ ।यी आधारभूत मान्यताको आधारमा हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध नीति यस प्रकार हुने छ -

### १. परराष्ट्र नीति

- शान्तिपूर्ण सह अस्तित्व, असंलग्नता र पञ्चशीलको सिद्धान्तअनुरूप सबै मित्र राष्ट्रहरूसँग मैत्री सम्बन्ध विकसित गर्ने ।
- जातिभेद, रङ्गभेद तथा आतङ्कवाद जस्ता जनविरोधी प्रवृत्तिहरू तथा साना देशहरूको राष्ट्रिय स्वाधीनता र स्वतन्त्रतामाथि गर्ने सबै खाले हस्तक्षेपको विरोध गर्दै समानता, सहअस्तित्व, शान्ति र निःशस्त्रीकरणलाई समर्थन गर्ने नीति अवलम्बन गर्ने ।
- विदेशस्थित नेपालका राजदूतावास र नियोगहरूलाई आर्थिक कूटनीतिको क्षेत्रमा प्रभावकारी ढङ्गले परिचालन गरी देशको विकासमा टेवा पु¥याउने ।
- सीमाना, जलस्रोत तथा व्यापार र पारवहनका क्षेत्रमा देखा परेका समस्याहरू अन्तर्राष्ट्रिय रूपमा मान्य सिद्धान्तहरूको आधारमा समाधान गर्ने ।
- सीमा नाकाहरू व्यवस्थित गर्ने ।
- विश्व शान्तिका लागि शान्त कुटनीतिलाई अगाडि बढाउँदै संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनामा नेपालको सहभागिता बढाउने ।
- नेपाल राज्य वा नेपाल सरकार पक्ष हुने अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताहरूलाई सङ्घीय व्यवस्थापिकाबाट अनुमोदन गर्ने व्यवस्था गर्ने ।
- आदिवासीहरूले परम्परादेखि आवाद र भोगचलन गर्दै आएको भूमि तथा प्राकृतिक स्रोतहरूमाथि तिनीहरूको अधिकार स्थापित गर्ने, तिनीहरूका ज्ञान, सीप र प्रविधिहरू माथि प्याटेण्ट राइटस्को प्रत्याभूति गर्ने ।
- दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठनलाई प्रभावकारी बनाउन जनस्तरमा सम्बन्ध विस्तार गर्नुको साथै सदस्य राष्ट्रहरूबिच एक आपसमा सहयोग अभिवृद्धि गर्न जोड दिने ।

### २. गैर आवासीय नेपाली तथा प्रवासी नेपालीको अधिकारः

- विभिन्न कालखण्डमा नेपालबाट विदेशमा गएर बसेका गैर आवासीय नेपाली नागरिकहरूको यथार्थ तथ्याङ्क राख्नुको साथै तिनीहरूको हक हितको रक्षा गर्ने ।

- गैर आवासीय नेपालीहरूको नेपाली नागरिकता निरन्तरता हुने गरी तिनीहरूको सीप तथा पुँजीलाई देशको विकासमा आकर्षित गर्ने र तिनीहरूलाई नेपाली नागरिक सरहका सुविधाहरू उपलब्ध गराउने ।
- गैर आवासीय नेपालीहरूबाट प्राप्त रेमिट्यान्सलाई देशको उद्योगधन्दा तथा ऊर्जा विकासका काममा लगाउने । यसका लागि राज्यले समतुल्य कोष (म्याचिङ फण्ड) को व्यवस्था गर्ने ।
- विदेशमा रहेका नेपालीहरूलाई २०७० साल भाद्र १ गतेको सहमतिअनुरूप सबै तहको निर्वाचनमा मताधिकार प्रदान गर्न आवश्यक कानुन तर्जुमा गर्ने ।
- प्रवासी नेपालीहरूले पाउनु पर्ने अन्तर्राष्ट्रिय अधिकारका लागि आवश्यक पहल गर्ने ।

**३. पूर्व ब्रिटिश गोर्खा सैनिकहरू**

- देशभित्र तथा वाहिर रहेका पूर्व ब्रिटिश गोर्खा लगायत सबै पूर्व सैनिकहरूको हक, हित र अधिकारबारे ठोस नीति तय गर्ने।
- प्रवासमा रहेका पूर्व गोर्खा सैनिकको नागरिकता निरन्तर हुने व्यवस्था गर्ने ।
- पूर्व ब्रिटिश गोर्खा सैनिकको ज्ञान, सीप, कला तथा बृहत्तर अनुभवलाई राष्ट्र निर्माणको अभियानमा प्रयोग गर्ने नीति लिने ।
- प्रवासमा रहेका पूर्व ब्रिटिस गोर्खा सैनिकलाई ब्रिटिस सैनिक सरह समान अधिकारका लागि आवश्यक कदम चाल्ने र उनीहरूको समानता, स्वाभिमान र हितको संरक्षण गर्नुको साथै भेदभाव विरुद्धको आन्दोलनमा ऐक्यबद्धता जनाउने ।

**७.७. प्रादेशिक विकास नीति**

सङ्घीय व्यवस्थामा प्रत्येक प्रदेशले आआफ्नो बिशिष्ट स्थितिका आधारमा आफ्ना क्षेत्राधिकारभित्रका कामहरूलाई सम्पन्न गर्ने छ । **सङ्घीय ढाँचामा राष्ट्रिय सुरक्षा, मौद्रिक नीति, परराष्ट्र नीति, बहुप्रादेशिक स्रोत साधन, ठूला ठूला भन्सार जस्ता रणनीतिक महत्त्वका बाहेक अरु सबै कामहरू प्रदेश स्तरबाट नै सम्पन्न गर्नुपर्ने छ ।** प्रदेशको आर्थिक सामर्थ्य वृद्धिका लागि सङ्घले प्रदेशलाई प्रादेशिक स्रोत साधनहरू हस्तान्तरण गर्ने निति लिइने छ । यसका लागि सामान्यतया हाम्रा नीतिहरू निम्नानुसार हुने छन् :

- सहकारी सङ्घीयताको मान्यताअनुरूप प्रादेशिक विकास र प्राकृतिक स्रोत साधनको साझेदारी र साझा प्रयोगका लागि सबै प्रदेशहरूको प्रतिनिधित्व भएको अर्न्तप्रादेशिक विकास परिषद गठन गर्ने ।
- सबै प्रदेशहरूमा भौतिक पूर्वाधारको विकासका लागि गुरुयोजना तयार गर्न प्रादेशिक योजना आयोगको साथै प्रादेशिक विकास परिषद बनाउने ।
- सङ्घ र प्रदेशका बिचमा एक आपसमा सहयोगात्मक सम्बन्ध रहने ।
- सङ्घले सङ्कलन गरेको राजस्वको कम्तिमा ५० प्रतिशत हिस्सा निश्चित मापदण्डको आधारमा प्रदेशहरूलाई उपलब्ध गराउने ।
- प्रत्येक प्रदेशमा वातावरण मैत्री तथा पहिचानमा आधारित एउटा प्रविधीयुक्त स्मार्ट सिटी र एउटा औद्योगिक क्षेत्र स्थापना गर्ने ।
- प्रत्येक प्रदेशमा आआफ्नो विशिष्ट स्थितिअनुरूप सहरी विकासलाई व्यवस्थित गर्न सहरी विकास प्राधिकरण स्थापना गर्ने । प्राधिकरणले स्थानिय तहको समन्वयमा योजना

बनाउने र कार्यान्वयन गर्ने ।

- प्रत्येक प्रदेशमा सार्वजनिक निजी साझेदारीमा एउटा प्रदेश विकास बैंकको स्थापना गर्ने ।
- निर्वाचनको ६ महिनाभित्र प्रदेशसभा, प्रदेश सरकार र उच्च अदालतका लागि आवश्यक भौतिक पूर्वाधारहरू निर्माण गर्ने ।
- शिक्षा तथा स्वास्थ्य क्षेत्रको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकारको हुने व्यवस्था गर्ने । प्रत्येक प्रदेशमा एउटा विश्वविद्यालय, एउटा चिकित्साशास्त्र अध्ययन संस्थान, अस्पताल र न्यूनतम एउटा प्राविधिक तालिम केन्द्र स्थापना गर्ने ।
- प्रदेशभित्रका शिक्षा, स्वास्थ्य, सडक, वन, सिँचाइ, उर्जा, खानेपानी लगायतका विभागहरू प्रदेश सरकारको क्षेत्राधिकारभित्र ल्याउने ।
- प्रदेश सरकारले मातृ भाषामा शिक्षा दिने जिम्मेवारी लिने तथा सरकारी कामकाजमा बहुभाषिक नीति अबलम्बन गर्ने ।
- बहु प्रादेशिक प्राकृतिक स्रोतको प्रयोग केन्द्र र सम्बन्धित प्रदेशहरूको साझेदारीमा सञ्चालन गर्ने ।
- विकासमा पछाडि परेका प्रदेशका अल्पसङ्ख्यक, सीमान्तकृत र लोपोन्मुख जनताको जीवन स्तर उठाउन विशेष पहल गर्ने ।
- प्रदेशभित्रका राष्ट्रिय निकुञ्जहरू तथा वन्यजन्तु आरक्ष प्रदेश सरकारलाई हस्तान्तरण गर्ने र त्यसको व्यवस्थापन त्यहिँका आदिवासी जनजाति तथा स्थानीय समुदायबाट हुने व्यवस्था गर्ने ।
- प्रत्येक प्रदेशमा एउटा विज्ञान प्रविधि प्रतिष्ठान र एउटा कृषि अनुसन्धान तथा विकास परिषद स्थापना गर्ने । गाउँपालिकाहरूमा कृषि कन्सल्टान्टको व्यवस्था गर्ने ।
- प्रदेशभित्र विधायिकी, कार्यकारी र न्यायिक अधिकारसहितको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रहरू निर्माणका लागि कानुन निर्माण गर्ने ।
- प्रदेश सरकार र निजी क्षेत्रको संलग्नतामा व्यापक जनताको स्वामित्व हुने गरी मध्यम स्तरका जलविद्युत् आयोजनाहरू सञ्चालन गर्ने ।
- सहकारी तथा निजी उद्यमीहरूले सञ्चालन गर्न सक्ने साना तथा लघु जलविद्युत् आयोजनाहरूलाई स्थानीय तह मार्फतसामुदायिक जलविद्युत आयोजनाको रूपमा सञ्चालन गर्ने । त्यस्ता योजनाहरूलाई सबै सम्भव सुविधाहरू उपलब्ध गराउने ।
- प्रत्येक प्रदेशको राजधानीलाई कम्तिमा एउटा राष्ट्रिय लोकमार्गसँग जोड्ने छोटो र तीब्र गतिमा यातायात चल्न सक्ने सडक निर्माण गर्ने । सहरोन्मुख वस्तिहरूमा सडक सञ्जाल व्यवस्थित गर्ने ।
- प्रत्येक प्रदेशको राजधानीमा एउटा प्रादेशिक विमानस्थल निर्माण गर्ने ।
- मुलुकको शान्ति सुरक्षा प्रभावकारी बनाउनका लागि प्रत्येक प्रदेशमा जन प्रहरीको व्यवस्था गर्ने ।
- सार्वजनिक प्रशासनलाई व्यवस्थित गर्न प्रदेशमा पनि लोक सेवा आयोगको व्यवस्था गर्ने ।
- विभिन्न देशका समान स्तरका प्रदेशसँग केन्द्रको अनुमति लिएर भाइचारा सम्बन्ध विकास गर्ने र विकास निर्माणमा साझेदारी गर्न सक्ने ।

**आदरणीय दिदीबहिनी तथा दाजुभाईहरू,**

नयाँ संविधान जारी भएसँगै मुलुक एकात्मक र केन्द्रीकृत शासनको युगबाट लोकतान्त्रिकरण र सङ्घीयकरणको युगमा प्रवेश गरेको छ । यो हाम्रो जस्तो बहुराष्ट्रिय मुलुकका लागि युगान्तकारी महत्त्वको घट्ना हो । तर अहिले पनि हाम्रो देशका उत्पीडित राष्ट्रियताहरू विभेदबाट मुक्त भइसकेका छैनन् । नेपाली जनताले जनआन्दोलनको बलबाट प्राप्त गरेका पहिचानसहितको सङ्घीयता, स्वायत्तता लगायतका उपलब्धीहरू संस्थागत हुन सकेका छैनन् । तिनीहरूको स्वशासनको आकाङ्क्षा पुरा भएका छैनन् । त्यसरी नै श्रमजीवी वर्गको मुक्तिको चाहना पनि पुरा भएको छैन । सामाजिक आर्थिक क्षेत्रमा रूपान्तरणको महत्त्वपूर्ण काम पनि बाँकी नै छ । त्यसैले हाम्रासामु अहिले पनि परिवर्तनका लागि सङ्घर्ष गर्नुपर्ने चुनौति र जिम्मेवारी रहेको छ । राज्यका सबै अङ्ग, तह र निकायहरूमा समानुपातिक समावेशी प्रतिनिधित्व तथा सहभागिताका लागि सङ्घर्ष गर्नुपर्ने स्थिति विद्यमान छ । हामी आजको यस चुनौतिको बिचबाट देश र जनतालाई सहि दिशाबोध गर्ने सङ्कल्पका साथ तपाँइहरू समक्ष उपस्थित भएका छौँ । आउनु होस, **यस पार्टीमा एकाइसौँ शताब्दीमा नेपाली विशेषताको सङ्घीयता र समाजवाद निर्माण गर्ने दुरदृष्टि मात्र होइन नेपाली समाज परिवर्तनको मौलिक सिद्धान्तको रूपमा सङ्घीय समाजवाद पनि छ ।** यहि सिद्धान्तको प्रकाशमा नेपालमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, लैङ्गिक, क्षेत्रीय सबै खाले विभेदबाट मुक्तिका लागि संविधान संशोधनको माध्यमबाट अगाडी बढौँ । सङ्घीय समाजवादी फोरम, नेपालको चुनाव चिन्ह **हातले समातेका मसाल** चिन्हमा मतदान गरौँ, पहिचानसहितको सङ्घीयता, समतामूलक समृद्धि र सुशासनका पक्षधर परिवर्तनकारी शक्तिहरूलाई अत्यधिक बहुमतले विजयी गराऔँ ।

केन्द्रीय तदर्थ समिति
सङ्घीय समाजवादी फोरम, नेपाल

**प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि हाम्रा नाराहरू:**

१) यथास्थिति, प्रतिगमन तथा देशमा विद्यमान सबैखाले विभेद अन्त्यका लागि संविधान संशोधन गरौँ,
पहिचानसहितको सङ्घीयता, समतामूलक समृद्धि र सुशासनका लागि मसाल चिन्हमा मतदान गरौँ !

२) पहिचानसहितको सङ्घीयता, समानता र सहअस्तित्व हाम्रो अभियान,
समतामूलक समृद्धि, विकास र सुशासनका लागि मसाल चिन्हमा मतदान ।

३) सङ्घीय समाजवाद हाम्रो सङ्कल्प, ससफो नेपाल राष्ट्रिय विकल्प ।

४) पहिचानसहितको सङ्घीयता राष्ट्रिय एकताको आधार,
समता, समृद्धि र सुशासनका लागि ससफोको सरकार ।

५) नेपालीको शान मसालमा मतदान, ससफोको जीत सबैको सम्मान ।

६) ससफो, नेपालको जोडदार आवाज, भ्रष्टाचारमुक्त नेपाली समाज ।

७) ससफो नेपालको चाहना, समृद्ध नेपालको स्थापना ।

८) सङ्घीय शासन र समावेशी राज्य, समतामूलक समृद्धि ससफोको लक्ष्य ।

९) जातीय मुक्तिका लागि सङ्घीयता, वर्गीय मुक्तिका लागि समाजवाद,
राष्ट्रिय पहिचान र समृद्धिका लागि ससफो नेपालको सरकार ।

१०) मसाल चिन्हमा मतदान गरौँ, राष्ट्रिय पहिचान स्थापित गरौँ ।

११) पहिचानसहितको सङ्घीयता, ससफो नेपालको प्रतिवद्धता ।

१२) युवा अघि लम्कन्छ, मसाल चिन्ह चम्कन्छ ।

१३) सबैका लागि शिक्षा, स्वास्थ्य सबैका लागि न्याय निशाफ,
ससफोको सङ्कल्प यो, विभेदमुक्त नेपाली समाज ।

१४) मसाल चिन्हमा भोट हालौँ, जनशक्ति प्रदर्शन गरौँ ।

१५) विभेद अन्त्यका लागि सङ्घीय शासन, आफ्नो भूमिमा आफ्नै स्वशासन ।
राष्ट्रिय पहिचानको रक्षा गर्न ससफो नेपाललाई विजयी गराऔँ ।

१६) भ्रष्टाचार मुक्तिको एक मात्र आधार, सुशासन र सदाचार,
विकाशमा दुरदृष्टिका लागि मसाल चिन्हमा मतदान गरौँ ।

१७) मातृभाषामा शिक्षा जन्मसिद्ध अधिकार, मानव विकासको मूल आधार ।
ज्ञान, विज्ञान र समृद्धिका लागि मसाल चिन्हमा मतदान गरौँ ।

१८) साझा राज्य स्वायत्त प्रदेस, समतामूलक समृद्ध देश ।
सबै जातिको सहअस्तित्वका लागि मसाल चिन्हमा मतदान गरौँ ।

१९) शिक्षा, स्वास्थ्य र रोजगार, जनताको मौलिक अधिकार ।
देशको युवाशक्तिलाई विदेश पलायन हुनबाट बचाउन मसाल चिन्हमा मतदान गरौं ।

२०) महिला, पुरुष र यौनिक अल्पसङ्ख्यक, बहुल राष्ट्रियता साझा देश ।
केन्द्रमा साझा राज्य र प्रदेशहरूमा स्वायत्त राज्यका लागि मसाल चिन्हमा मतदान गरौं ।

२१) नेपाली जनताको एक आवाज, सङ्घीय समाजवाद जिन्दावाद । जिन्दावाद ॥



**चुनाव चिन्ह “हातले समातेको मसाल”**